# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १५० | काठमाडौं | शनिबार, ०४ असोज २०८२ | Prabhab National Daily | Saturday, 20 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**चाडपर्व प्रति सम्मान गरौं**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रूपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं, एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरूलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं।
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## 'जेन-जी प्रदर्शन भ्रष्टाचारप्रतिको असन्तुष्टिको प्रतिविम्ब'

- रोजगारीको अवसर, गुणस्तरीय जीवनस्तर, सरकारका कामकारबाहीमा पारदर्शिता, कानुनी समानता, भ्रष्टाचारको अन्त्य, सुशासन र विकासजस्ता सवाल सबै पुस्ताका साझा अपेक्षा र राष्ट्रिय 'एजेण्डा'
- क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र विकासको महाअभियानमा सहभागी हुन उनले सम्पूर्ण युवापुस्ता, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्र, विकास साझेदारहरू र आमनागरिकलाई आह्वान



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले गत भदौ २३ र २४ गते जेन-जी युवाको अगुवाइमा भएको विरोध प्रदर्शन र आन्दोलन युवापुस्ताको चाहना, जनताको बढ्दो चेतनास्तर र मुलुकमा विद्यमान भ्रष्टाचारप्रतिको असन्तुष्टिको प्रतिविम्ब भएको बताएकी छन् ।

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ का अवसरमा शुक्रबार यहाँ आयोजित मूल समारोहमा उनले संविधानको मर्म र भावनाबमोजिम सुशासन, समृद्धि र विकासको क्षेत्रमा भएका कमीकमजोरी र त्यसबाट सिर्जित असन्तोष, अभाव वा अपेक्षा पूरा नभएकाले पनि यो आन्दोलनको जन्म भएको कुरालाई स्वीकार गर्नुपर्ने उल्लेख गरिन् । प्रधानमन्त्री कार्कीले भनिन्, 'यस आन्दोलनलाई मैले हाम्रो लोकतान्त्रिक प्रणालीको स्वास्थ्यसँग पनि जोडेर हेर्ने गरेको छु किनभने लोकतन्त्र भनेको जनताको आवाज सुन्ने, संवाद गर्ने र समाधान खोज्ने प्रणाली हो ।'

जेन-जी पुस्ताको आन्दोलन राज्यका तर्फबाट व्यक्त गरिएको प्रतिबद्धताअनुसारको संघीय गणतन्त्रात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्य, सुशासनलगायतका लोकतान्त्रिक मूल्यमान्यतामा खरो उत्रन नसक्नुको परिणाम पनि भएको उनको भनाइ थियो ।

युवापुस्ताले उठाएका रोजगारीको अवसर, गुणस्तरीय जीवनस्तर, सरकारका कामकारबाहीमा पारदर्शिता, कानुनी समानता, भ्रष्टाचारको अन्त्य, सुशासन र विकासजस्ता सवाल यथार्थमा नै सबै पुस्ताका साझा अपेक्षा र राष्ट्रिय 'एजेण्डा' भएको उल्लेख गरिन् । यी एजेण्डालाई आत्मसात् गर्दै जनअपेक्षाबमोजिम काम गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

'पछिल्लो आन्दोलनले हामीलाई धेरै क्षेत्रमा सुधार गर्न मार्गनिर्देश गरेको छ । युवापुस्ता आफू शासकीय प्रणालीमा सहभागी हुन चाहन्छ । विकसित देशका सफल शासकीय अभ्यासलाई आफ्नो मुलुकमा देख्न चाहन्छ ।

क्रमशः पृष्ठ २ मा

संविधानमाथि प्रश्नैप्रश्न

# शीर्ष दल र नेताहरूले कसरी मनाए संविधान दिवस ?



यो संविधानले नेपाली जनतालाई सर्वभौसत्ता र स्वतन्त्रता दिएको छ । सबै जात, धर्म र सम्प्रदायका जनतालाई समान हक दिएको छ । र, समन्वय कायम गरी उन्नति गर्ने अवसर दिएको छ । र, हामी संवैधानिक विकासको इतिहासमै सबैभन्दा बलियो र सार्वभौम भएका छौं । यो हामीले प्राप्त गरेको युगीन उपलब्धि हो । त्यसैले सबैले यसको रक्षा गरौं

**रामचन्द्र पौडेल**
राष्ट्रपति



■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थासहितको संविधान जारी भएको १० वर्ष पूरा भई ११ वर्षमा प्रवेश गरेको छ । देश संघीयतामा प्रवेश गरेको पहिलो वर्षबाटै प्रश्न उठ्न सुरु गरे पनि ११औं वर्षमा प्रवेश गर्दा जेन-जी पुस्ताको विद्रोहले लोकतान्त्रिक संविधानमाथि झनै प्रश्न उठ्न थालेको छ ।

जातीय सन्तुलन नमिलाउँदा प्रदेशको नामकरणमा असन्तुष्ट पक्ष उत्तिकै देखिन्छन् भने धार्मिक अतिवादीहरू पनि यसैगरी बेग्लै माग गरिरहेका छन् । राजतन्त्रका पक्षधरले बेलाबेला राजावादीलाई उक्साइरहेका छन् । यही मेसोमा भदौ २३ गते जेन-जी विद्रोहपछि प्रतिनिधिसभा विघटन भयो । प्रतिनिधिसभा विघटनसँगै जनताले चुनेको सरकार जबरजस्ती राजीनामा दिन बाध्य भएर सडकमा आइपुगेको छ । २०७२ असोज ३ गते जारी भएको संविधानमाथि प्रहार हुँदा देशभर १०औं संविधान दिवस कसरी मनाइए त ?

संविधान दिवस देशकै पर्व भएकोले हरेक वर्ष सेनाले विशेष समारोह आयोजना गर्दै आएको छ । यस पर्वको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल शुक्रबार बिहान सैनिक मञ्च टुडिखेलमा पुगे । उक्त समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, नेपाल सरकारका विशिष्ट पदाधिकारी, कूटनीतिक नियोगका प्रतिनिधिलगायतको सहभागिता थियो ।

क्रमशः पृष्ठ २ मा

### शितलनिवासमा चियापान

शुक्रबार साँझ राष्ट्रपति पौडेलले शितलनिवासमा चियापान समारोह आयोजना गरे । समारोहमा नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालदेखि एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पुग्दा कांग्रेसका एमाले अध्यक्ष केपी शर्मा ओली उपस्थित भएनन् ।

राष्ट्रपति पौडेलले प्रतिनिधिसभाबाट मन्त्रिपरिषद् गठन गर्ने कुनै उपाय नभएपछि आम सहमतिले संकटबाट निकास दिएको कुरा सबैले बुझेर छ महिनाभित्र प्रतिनिधिसभा ल्याउने चुनाव सम्पन्न गर्न सबैलाई आह्वान गरे । संविधान दिवस (राष्ट्रिय दिवस) २०८२ का अवसरमा राष्ट्रपति कार्यालयमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै पौडेलले यो घडीमा सबै राजनीतिक दल, मुलुकको प्रशासन तथा व्यवस्थापनमा आबद्ध निकाय बौद्धिक समुदाय र नागरिकहरूलाई असहमति र द्वन्द्व छोडेर पूर्वाग्रहरहित भएर समन्वय र सहकार्यसाथ निर्वाचनको सफलताका लागि क्रियाशील हुन आह्वान गरे । पौडेलेको जोड संविधान रक्षा गर्नुमा थियो । 'यो संविधानले नेपाली जनतालाई सर्वभौसत्ता र स्वतन्त्रता दिएको छ । सबै जात, धर्म र सम्प्रदायका जनतालाई समान हक दिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

जापानमा विदेशी कामदारका लागि नयाँ नीति

## जागिर परिवर्तन गर्नुअघि दुई वर्ष अनिवार्य काम गर्नुपर्ने

■ प्रभाव संवाददाता



एआईको सहयोगमा तयार पारिएको तस्बिर

**काठमाडौं–** जापान सरकारले विदेशी कामदारहरूले जागिर परिवर्तन गर्नुअघि दुई वर्ष अनिवार्य काम गर्नुपर्ने योजना बनाएको छ । त्यहाँ विगतदेखि कार्यान्वयनमा रहेको प्राविधिक इन्टर्न तालिम कार्यक्रमलाई प्रतिस्थापन गर्ने गरी ल्याइएको नयाँ प्रणालीमा उक्त योजना समावेश गरिएको छ ।

सो योजनाअनुसार सरकारले तोकेका आठवटा क्षेत्रमा यो नियम लागू हुने छ । सेप्टेम्बर १७ मा बसेको विज्ञहरूको बैठकबाट उक्त योजना प्रस्तुत गरिएको जापानी सञ्चारमाध्यमले जनाएका छन् । यो आवश्यकता पर्ने उद्योगहरूमा नर्सिङ, औद्योगिक सामान निर्माण, कन्स्ट्रक्सन, जहाज निर्माण तथा समुद्री उद्योग, अटोमोबाइल्स मर्मतसम्भार, खाद्य तथा पेयपदार्थ उत्पादन, खाद्य सेवा र रिसाइकल हुन् । यी क्षेत्रहरूमा लामो अनुभव आवश्यक पर्ने भएकाले दुई वर्ष राखिएको जनाइएको छ ।

यी बाहेकका अन्य क्षेत्रहरूमा भने एक वर्ष काम गरिसके पनि कम्पनी परिवर्तन गर्न पाउने नियम छ । जसअन्तर्गत आवास, कृषि, मत्स्यपालन र वनलगायतका क्षेत्र छन् । विशेषज्ञ प्यानलमा छलफलपछि मन्त्रिपरिषद्ले वर्षको अन्त्यसम्ममा यो योजनालाई अनुमोदन गर्ने जनाइएको छ । यद्यपि, दुई वर्ष पर्खनुपर्ने नियमका कारण राष्ट्रको श्रम कानुनको विरुद्धमा हुनसक्ने र आप्रवासी कामदारहरूको अधिकारलाई पर्याप्तरूपमा सुरक्षित नगर्न सक्ने भन्दै चिन्ता व्यक्त गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

## युक्रेनमा अलपत्र परेका दुई नेपालीको उद्धार

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि भारतको बाटो हुँदै युक्रेन पुगेका दुई जना नेपालीको उद्धार गरिएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए) को पहल र जर्मनीस्थित नेपाली दूतावासको समन्वयमा विगत १४ महिनादेखि युक्रेनस्थित सैन्य क्याम्पमा रहेका रौतहटका २८ वर्षीय जयप्रकाश शाह र बागलुङका २३ वर्षीय सन्देश केसीलाई उद्धार गरिएको हो ।

केही समयअघि उनीहरूले एनआरएनएका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतलाई सम्पर्क गरी उद्धारका लागि पहल गर्न आग्रह गरेपछि संघले आवश्यक सहजीकरणका लागि दूतावाससँग समन्वय गर्दै आएको थियो । सन् २०२४ को जुलाइमा उनीहरू त्यहाँ पुगेका उनीहरू विगत १४ महिनादेखि किएभको इमिग्रेसन क्याम्पमा रहँदै आएका थिए । युक्रेनबाट मल्दोवा र भारतको नयाँ दिल्लीहुँदै शुक्रबार दिउँसो १ बजे उनीहरू दुवैजना काठमाडौं आइपुगेका हुन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनीहरूलाई स्वागत गर्न संघको सचिवालयबाट प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत र कनिष्ठ अधिकृत निरोज महर्जन उपस्थित भएका थिए ।

जेन-जी आन्दोलनका सहिद परिवार भन्छन्

## 'देश परिवर्तन भएको हेर्न चाहन्छौं'

**भक्तपुर–** 'जेन-जी' प्रदर्शनका क्रममा गत भदौ २४ गते गोली लागेर मृत्यु भएका भक्तपुर निवासी सहिदका परिवारको आँखा अझै ओभाएका छैनन् ।

छोरा सहिद भएको ११ दिन बित्दा पनि सहिद परिवारमा शोकको कुनै मूल्य नभएको बताउँदै सहिद परिवार भन्छन्, 'उनीहरूको सपनाअनुसार देश परिवर्तन भएको हेर्न चाहन्छौं ।' चाँगुनारायण नगरपालिका-२ दुवाकोट सोमथली निवासी २१ वर्षीय अभिषेक चौलागाईंको २४ गते आन्दोलनकै क्रममा संसद् भवन परिसरमा गोली लागेर मृत्यु भएको थियो ।

दोलखा जिल्ला सैलुङ गाउँपालिका स्थायी घर भई भक्तपुर-दुवाकोटमा सानो घर बनाएर बस्दै आएका अभिषेकका पिता भने नेपाल प्रहरीमा कार्यरत छन् । गत भदौ २३ र २४ गते अभिषेकका बुबा दिनेश भने भक्तपुरस्थित सल्लाघारीमा प्रहरीको 'डिचुटी'मै थिए ।

गत भदौ २४ गते सादा पोसाकमा 'डिचुटी'मा खटिएका दिनेशले छोरालाई आन्दोलनमा नजान भनेका थिए । उनी भन्छन्, '११:१५ बजेसम्म म घरमै छु भन्थ्यो, अघिल्लो दिन आन्दोलनमा गए पनि २४ गते नजान भनेको थिएँ, देश भ्रष्टाचारले डुब्यो, परिवर्तन गर्नु छ भन्थ्यो, कतिखेर बानेश्वर पुगे छ, संसद् भवनमै छातीमा गोली लागेर करिब बेलुका ६:३० बजेतिर मृत्यु भइसके छ ।'

> ऊ देशका लागि सहिद भयो, देश परिवर्तन भएको हेर्न चाहन्थ्यो, भ्रष्टाचार निर्मूल भएको हेर्न चाहन्थ्यो, यति भए उनीहरूले न्याय पाउँथे ।
>
> **दिनेश चौलागाईं**
> सहिद अभिषेकका बुबा

> क्यान्सर रोगी आमाको सबै अभिभारा बोकेको थियो, वैदेशिक रोजगारीका लागि माल्टा जाने तयारी पनि गर्दै थियो, म्यानपावरलाई ५० हजार रूपैयाँ बुझाइसकेको थियो, गरिब परिवारको सबै सपना थाती राखेर सधैंका लागि अस्तायो ।
>
> **केशव बुढाथोकी**
> सहिद महेशका बुबा

'रातभरि छोरा घरमा आएन, फोन लाग्दैन । आमाबुबालाई निकै सास्ती भयो । भदौ २५ गते अपराह्न अस्पतालमा शव भएको खबर आउँदा परिवारमा कसैको होस रहेन । बूढेसकालको एकमात्र साहारा, परिवारको आडभरोसा । २१ वर्षको एक मात्र छोरा गुमाउँदाको पीडा भोग्नेलाई मात्रै थाहा हुन्छ,' उनी भन्छन् ।

त्रिचन्द्र क्याम्पसमा होटल म्यानेजमेन्टमा स्नातक पढ्दै गरेका अभिषेकले परिवारको मञ्जुरीविना नै आन्दोलनमा सहभागी हुँदा फोनमा भनेको कुरा भक्कानिँदै आमा रीता भन्छिन्, 'देशका लागि केही गर्नेबेला आएको छ, देश परिवर्तनका लागि मर्नु परे पनि मर्छु, म आन्दोलनमा छुँ, चिन्ता नलिनु, आमा । अरू बेलामा पनि म विदेश जान्न, देशमै केही गर्छु भन्थ्यो, देशकै लागि जन्मेको रैछ, देशकै लागि गयो ।'

क्रमशः पृष्ठ ३ मा

## पृष्ठ १ बाट क्रमशः

## शीर्ष दल...

सोही अवसरमा प्रधानमन्त्री सुशीला कार्कीले आफू संविधानबमोजिम नै प्रधानमन्त्री बनेको तर्क गरिन् । 'शासकीय आकांक्षा बोकेर कुनै पदको लालचा लिएर प्रधानमन्त्री भएको होइन । देश संकटमा रहेको बेला परिवर्तनकामी युवा पुस्ताको अनुरोधसमेतका आधारमा चुप लागेर बस्न नसकी संक्रमणको व्यवस्थापन गर्दै नेपालको संविधानबमोजिम छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचनमार्फत जनप्रतिनिधि सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्नेगरी म वर्तमान अन्तरिम सरकारको प्रधानमन्त्री भएकी हुँ,' प्रधानमन्त्री कार्कीले भनिन् । देशभर सातै प्रदेशका मुख्यमन्त्रीको कार्यालय र जिल्ला समन्वय समितिले पनि संविधानमाथि बहस गर्दै संविधान दिवस मनाएको छ ।

■■■

## जेन-जी प्रदर्शन...

नीतिगत तहमा आफ्ना विचार प्रतिविम्बित भएको हेर्न चाहन्छ,' उनले भनिन्, 'यसर्थ, संविधान दिवसको यस अवसरमा म यो सरकारले युवा, महिला, बालबालिका, फरक क्षमता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेसी, थारू, पछाडि परेको वर्ग, समुदाय र सबै पुस्ताको भावना र अपेक्षालाई सम्बोधन गर्न दृढ संकल्पका साथ निरन्तर काम गर्दै जाने विश्वास दिलाउन चाहन्छु ।'

जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त सार्वजनिक संरचनाको पुनर्निर्माण गर्नुपर्ने एवं व्यावसायिक प्रतिष्ठानमा पुग्न गएको क्षतिबाट देशलाई माथि उठाउनुपर्ने चुनौती रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले विकासको संवाहकका रूपमा रहेको निजी क्षेत्रको मनोबल बढाउनुपर्ने र तोकिएको समयमै निर्वाचन सम्पन्न गर्नुपर्नेमा जोड दिइन् ।

प्रधानमन्त्री कार्कीले क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र विकासको महाअभियानमा सहभागी हुन उनले सम्पूर्ण युवापुस्ता, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्र, विकास साझेदारहरू र आमनागरिकलाई आह्वान गरिन् । उनले शासकीय शैलीप्रति जनताका असंख्य गुनासा, आक्रोश र असन्तुष्टिहरू रहेको उल्लेख गर्दै ती असन्तुष्टिलाई एकैचोटि सम्बोधन गर्न कठिन भएता पनि वर्तमान सरकारले आफ्नो स्रोत साधन र क्षमताले भ्याएसम्म ती समस्याको समाधान गर्न इमानदार प्रयास गर्ने विश्वास दिलाइन् । वर्तमान सरकार नागरिकप्रति पूर्ण जवाफदेही रहने प्रतिबद्धता व्यक्त गर्दै नागरिक पनि आफ्ना कर्तव्यप्रति सचेत रहनु हुनेछ भन्ने विश्वास उनले व्यक्त गरिन् ।

नेपाली जनताले चुनेका प्रतिनिधिमार्फत संविधानसभाले बनाएको नेपालको संविधान जारी भएको दिनलाई संविधान दिवस तथा राष्ट्रिय दिवसका रूपमा उत्साहपूर्वक मनाइएको प्रधानमन्त्री कार्कीले उल्लेख गरिन् । 'नेपालको वर्तमान संविधान नेपाली जनताले पटक-पटक गरेका जनआन्दोलन, संघर्ष, त्याग र बलिदानबाट निर्माण भएकाले यो नेपाल र नेपालीको भाग्य, भविष्य र आकांक्षालाई प्रतिविम्बित गर्ने मार्गदशक दस्तावेज हो,' प्रधानमन्त्री कार्कीले भनिन्, 'संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशिता र सामाजिक न्यायजस्ता आधारभूत विशेषता अँगालेको नेपालको संविधान जारी भएको दिन हामी सबै नेपालीले गौरव गर्ने दिन पनि हो ।'

संविधान दिवस केवल उत्सवमात्र होइन, संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्यांकन गर्ने दिन पनि भएको बताउँदै उनले यो संविधान कार्यान्वयनमा आएको विगत एक दशकको अवधिमा संविधानले मार्गदर्शन गरेको यात्रामा के हासिल गर्‍यौं, के गर्न सकेनौं, यसबीचमा के-कस्ता कमी कमजोरी रहे र आगामी दिनमा के-कस्तो कार्यदिशा आवश्यक छ भन्ने सवालहरूको गम्भीरतापूर्वक समीक्षा गर्नुपर्ने स्थिति रहेको उल्लेख गरिन् ।

'संविधानले संघ, प्रदेश र स्थानीय तहमा अधिकारको बाँडफाँट, जनताको पहुँचमा गुणस्तरीय र छरितो सेवा तथा स्थानीय नेतृत्वलाई सशक्त बनाउने आधार प्रदान गरेको छ । तथापि, सेवा प्रवाहमा समान पहुँच, पारदर्शिता, सुशासन, भ्रष्टाचारको अन्त्य, साधनस्रोत र प्रविधिको उच्चतम उपयोग, सार्वजनिक सेवाको लागतमा प्रभावकारिता, प्रतिफल सुनिश्चित हुने गरी विकास व्यवस्थापनजस्ता विषयहरू तीनै तहका सरकारका लागि साझा चुनौतीका रूपमा रहेका छन्,' उनले भनिन्, 'यी चुनौतीहरू सामना गर्न सरकारमात्र होइन, निजी क्षेत्र, नागरिक समाज, सामुदायिक तथा गैरसरकारी क्षेत्र, नेपालको समृद्धि र विकासमा हातेमालो गर्ने अन्तरराष्ट्रिय समुदाय र प्रत्येक नागरिकको भूमिका अपरिहार्य हुन्छ ।'

■■■

## शितलनिवासमा...

र, समन्वय कायम गरी उन्नति गर्ने अवसर दिएको छ । र, हामी संवैधानिक विकासको इतिहासमै सबैभन्दा बलियो र सार्वभौम भएका छौं । यो हामीले प्राप्त गरेको युगीन उपलब्धि हो । त्यसैले सबैले यसको रक्षा गरौं,' पौडेलले भने ।

### कांग्रेस, एमाले र माओवादीले देशभर मनाए

जेन-जी विद्रोहपछि सडकमा आएका दलहरूले देशभर संविधान दिवस मनाएका छन् । जिल्ला पार्टी संगठन, भ्रातृ संगठनमार्फत दलहरूले देशभर संविधान दिवस मनाएका हुन् ।

सरकारमै वा सत्ताको वरपर बसेर संविधान दिवस मनाउँदै आएको कांग्रेस जेन-जी विद्रोहका कारण सडकमा आइपुगेको छ । यस्तो माहोलमा कांग्रेस केन्द्रले संविधान दिवस मनाउन कुनै औपचारिक कार्यक्रम तय गरेको छैन । सभापति शेरबहादुर देउवा प्रदर्शनकारीको कुटपिटका कारण घाइते भएकाले कुनै कार्यक्रम तय नभएको बताइएको छ ।

यद्यपि पार्टीका उपसभापति पूर्णबहादुर खड्काले बुधबार ७७ वटै जिल्ला कार्यसमितिलाई संविधान दिवस मनाउन सर्कुलर गरेका थिए । देशभर कांग्रेसले संविधानको विषयमा बहस गरी संविधान जोगाउन माग गरे ।

गोरखामा जिल्ला समन्वय समितिको आयोजनामा संविधान दिवसको कार्यक्रम भएको र साँझ कांग्रेस गोरखाले दीपावली गर्‍यो । 'दिउँसो जिल्ला समन्वयमा मनायौं । संविधानको विषयमा छलफल भयो । साँझ पार्टीको तर्फबाट गोरखा बजारमा दिपावली कार्यक्रम आयोजना भयो,' गोरखाका कांग्रेस सभापति नन्द न्यौपानेले भने ।

मोरङमा पनि संविधानको विषयमा विचार गोष्ठी आयोजना गरिएको कांग्रेस जिल्ला सभापति डिगबहादुर लिम्बूले बताए । शुक्रबार बिहानै कांग्रेस सभापति देउवाले जेन-जी विद्रोहको निकास पनि यही संविधान भएको उल्लेख गर्दै राजनीतिक जटिलताको समाधान यही संविधानले दिन सकिने बताएका थिए । 'मुलुकमा विकसित वर्तमान राजनीतिक अवस्थाको उचित निकास पनि यही संविधानभित्र खोज्न सकिन्छ भन्ने हाम्रो विश्वास कायमै छ । संविधान मुलुकको सर्वोच्च कानुन भएकोले कुनै पनि विशेष परिस्थितिमा उत्पन्न राजनीतिक जटिलताको समाधान पनि संविधानले नै दिनु पर्दछ,' देउवाले भनेका छन् ।

यसो हुन नसकेमा राजनीतिक अस्थिरता निम्तिने देउवाको भनाइ छ । 'यदि यसो हुन सकेन भने राजनीतिक स्थिरताको खोजीमा संविधान बाहिर जाँदा झन झन अस्थिरता निम्तिने सम्भावना रहन्छ,' देउवाले भनेका छन् । शुक्रबारै कांग्रेसले प्रदर्शनकारीको आगजनीमा परेको केन्द्रीय कार्यालयमा केन्द्रीय कार्यसम्पादन समिति बैठक राख्यो । बैठकले सभापति देउवामाथि भएको कुटपिटको घोर निन्दा गरेको थियो ।

एमालेले अध्यक्षसमेत रहेका निवर्तमान प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा प्रदर्शनकारीको आगजनी र तोडफोडमा परेको ललितपुरको च्यासलस्थित पार्टीको मुख्यालयमा कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा अध्यक्ष ओली आउने भनिए पनि उनी उपस्थित भएनन् । ओलीले शुक्रबार बिहानै जेन-जी आन्दोलनको नाममा संविधानमाथि प्रहार भएकोले यसको सामना गर्न सबैमा अपिल गरे । 'हामी सबै पुस्ताका नेपाली एकजुट हुनु पर्दछ - सार्वभौमसत्तामाथि गरिएको प्रहार सामना गर्न र हाम्रो संविधानको रक्षा गर्न । सार्वभौमसत्ता हाम्रो अस्तित्व हो भने संविधान हाम्रो स्वतन्त्रताको कवच हो,' ओलीले संविधान दिवसको वक्तव्यमार्फत भने, 'हाम्रो एकताले नै देशसामु उत्पन्न यो अकल्पनीय संकटबाट फेरि देशलाई उठाउन र जोगाउन सक्छ ।'

च्यासलमा आयोजित संविधान दिवसको कार्यक्रममा उनको लिखित मन्तव्य पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीले वाचन गरेर सुनाएका थिए । एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अहिले पार्टी एकढिक्क बन्नुपर्ने अवस्था आएको बताए ।

'यो चुनौती देखेर आत्तिनु र हताश हुनुपर्दैन । यो चुनौती सामना गरेर नेकपा एमाले फेरि अगाडी बढ्छ । हाम्रो कार्यालय डढेर खरानी भयो । तर हाम्रो इच्छाशक्ति मरेको छैन । हाम्रो इच्छाशक्ति कहिले मर्ने छैन,' वरिष्ठ उपाध्यक्ष पोखरेलले भने, 'जस्तोसुकै परिस्थिति आए पनि हामी यो राष्ट्रिय दिवसमा एकता भएर अगाडि बढ्छौं ।'

कांग्रेस र एमाले मिलेर बनेको सरकारले संविधान संशोधन र सुशासनलाई मुल मुद्दा बनाएको थियो । तर यी दुवै विषयमा सरकारले ध्यान नदिँदा जनआक्रोश बढेको थियो । जसकारण अहिले शक्तिशाली सरकार सडकमा आउन बाध्य भएको हो । संविधान संशोधनबारे सोच्न सकिने एमाले उपमहासचिव ज्ञवाली बताउँछन् । 'यो संविधान धेरै प्रगतिशील छ । जारी हुँदा तत्कालीन शक्ति सन्तुलनको दस्तावेज पनि हो । यसलाई समयानुकूल परिमार्जन र संशोधन गर्न सकिन्छ,' ज्ञवालीले भने, 'तर अहिले संविधान नै संकटमा परेको छ । संविधानले नचिनेको सरकारले चुनाव गर्ने भनेको छ, संविधान जोगाउन चुनाव अपरिहार्य हुन्छ ।' एमालेले देशभर जिल्ला कमिटीमार्फत संविधान दिवस मनाएको जनायो ।

यता माओवादीले आफ्नो मुख्यालय पेरिसडाँडामा कार्यक्रम आयोजना गरी संविधान दिवस मनायो । पार्टी अध्यक्ष दाहालले जेन-जी आन्दोलनको चर्चा गर्दै यो दिन ऐतिहासिक दिन भएको बताए । 'आज संविधान दिवस मनाउँदै गर्दा यसको ऐतिहासिकता र त्यसैको जगमा सात राजनीतिक दलसँग भएको १२ बुँदे समझदारी र पछि सम्पन्न भएको शान्ति सम्झौता, संविधानसभा र संघीय लोकतान्त्रिक गणतन्त्र सम्भव भएको हो,' दाहालले भने ।

आफूहरूले सुरु गरेको युद्ध जेन-जी विद्रोहबाट पुष्टि भएको दाहालको दाबी रह्यो । 'यसको ऐतिहासिकता आज जेन-जी विद्रोहले फेरि एकचोटि पुष्टि गरेको ठान्छु । हाम्रा ती रिजर्भेसनहरू, मतहरू सही थिए र १० वर्षपछि फेरि एकचोटि तिनको पुनर्लेखन गरेर या संशोधन गरेर, मुख्यतः संविधान संशोधन गरेर त्यो ठाउँमा पुग्न सकिन्छ भन्ने आधार बनेको देख्छु । हामीलाई गर्व छ,' दाहालले भने । माओवादीले पनि देशभर आफ्नो जिल्ला कमिटी र भ्रातृ संगठनमार्फत संविधान दिवस मनाएको छ ।

यता राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्ति नेपालले संविधान दिवसलाई कालो दिवसको रूपमा मनाएको छ । धनुषाको जनकपुर धाममा भने लोकतान्त्रिक मोर्चाले कालो दिनको रूपमा मनाएको हो । जनकपुरधाममा संविधान अपूर्ण रहेको भन्दै संघीय लोकतान्त्रिक मोर्चामा आवद्ध दलहरू जनक चोकमा जम्मा भएर प्रदर्शन गर्दै कालो दिन मनाएका हुन् ।

■■■

## जागिर परिवर्तन...

नागरिक संहिता र अन्य कानुनहरूको व्याख्याअन्तर्गत, करारमा कार्यरत कर्मचारीहरूलाई सामान्यतया एक वर्षभन्दा बढी काम गरेपछि काम छोड्ने अनुमति दिइन्छ । गत जनवरीमा जापानका कर्पोरेट कार्यकारीहरूको संघले सबै क्षेत्रहरूमा एक वर्षको रोजगार अवधिका लागि आह्वान गरेको थियो । संघले कानुनी अप्ठ्यारोले जापानमा विदेशी नागरिकहरूलाई रोजगारी खोज्नबाट निरुत्साहित गर्नेसक्ने विषय औंल्याएका थिए ।

जापानले धेरै आलोचना गरिएको प्राविधिक इन्टर्न प्रशिक्षण कार्यक्रमको प्रतिस्थापनको रूपमा अप्रिल २०२७ मा विदेशी नागरिकहरूलाई तालिम दिने र उनीहरूलाई विस्तारित अवधिका लागि देशमा काम गर्न प्रोत्साहित गर्ने उद्देश्यले प्रशिक्षण र रोजगार कार्यक्रम सुरु गर्ने योजना बनाएको छ ।

हालको कार्यक्रमअन्तर्गत विदेशी इन्टर्नहरूलाई तीन वर्षसम्म जागिर परिवर्तन गर्न अनुमति दिइएको छैन । जसले गर्दा धेरैजसो श्रमिकहरू दुर्व्यवहारपूर्ण अवस्थाबाट गुज्रनुपरेको जनाइएको छ । जुन समस्यालाई सम्बोधन गर्न नयाँ कार्यक्रमले अपरिहार्य परिस्थितिहरूमा कार्यस्थल स्थानान्तरणका लागि अनुमति दिने छ । यसका साथै, केही सर्तहरू पूरा भए कामदारहरूले आफ्नै अनुरोधमासमेत स्थानान्तरण गर्न सक्छन् ।

स्थानान्तरणअघि दुई वर्षको रोजगारी आवश्यक पर्ने आठ क्षेत्रमा कर्मचारीले काम गरेको दोस्रो वर्षदेखि तलब वृद्धिलगायत काम गर्ने अवस्थाहरूको समीक्षा गर्नुपर्ने छ । यो स्थानान्तरण प्रणाली विदेशी कामदारहरूको अधिकारको रक्षा गर्ने महत्त्वपूर्ण हतियार हो ।

सरकारको विशेषज्ञ प्यानलले सुरुमा सबै क्षेत्रहरूका लागि समान एक वर्षको अवधिपछि रोजगारदाता परिवर्तन गर्न मिल्ने प्रावधान प्रस्ताव गरेको थियो । जसमा विदेशी कामदार हरूलाई पनि जापानी करार कर्मचारीहरूसरह अधिकारको ग्यारेण्टी गर्न खोजेको थियो ।

यद्यपि, सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी र साना क्षेत्रीय व्यवसायहरूले छोटो अवधिमै स्थानान्तरणको अनुमति दिनाले सहरी केन्द्रहरूबाट प्रतिभा पलायन हुने जोखिम हुने दाबी गरेका थिए । यसपछि एकदेखि दुई वर्षसम्मको न्यूनतम रोजगारी अवधिलाई अनुमति दिने व्यवस्था संशोधन गरिएको थियो ।


**Tripurasundari Rural Municipality**
**Office of the Rural Municipal Executive**
Piskar, Sindhupalchok

**INVITATION FOR ELECTRONIC BIDS**

Date of publication: 2082/06/03 (19th Sep 2025)

1. The Tripurasundari Rural Municipality invites following electronic bids from Nepalese eligible bidders under NCB and SQ. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding document from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Office Reserves the right to accept or reject any Bids without assigning any reason whatsoever. Other terms and conditions not covered here will be in accordance to PPA-063.

| Contract ID No./Description | Bid Security Amount (NRS) | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|
| TSRM/NCB/WORKS/2082/083-03 (Bungathali Chokati Motorbato Dhalan) | 4,50,000 | 13:05 Hrs on 2082/07/02 (19th Oct 2025) | 14:05 Hrs on 2082/07/02 (19th Oct 2025) |
| TSRM/NCB/WORKS/2082/083-04 (Tekanpur Motorbato Dhalan) | 4,00,000 | 13:05 Hrs on 2082/07/02 (19th Oct 2025) | 14:05 Hrs on 2082/07/02 (19th Oct 2025) |
| TSRM/NCB/GOODS/2082/083-01 (Supply and Delivery of medicines and surgical items) | 1,00,000 | 13:05 Hrs on 2082/07/02 (19th Oct 2025) | 14:05 Hrs on 2082/07/02 (19th Oct 2025) |
| TSRM/SQ/GOODS/2082/083-01 (Supply and Delivery Of Veterinary Medicines) | 20,000 | 12:00 Hrs on 2082/06/20 (06th Oct 2025) | 13:00 Hrs on 2082/06/20 (06th Oct 2025) |
| TSRM/SQ/GOODS/2082/083-02 (Supply and Delivery Of Aayurvedic Medicines) | 20,000 | 12:00 Hrs on 2082/06/20 (06th Oct 2025) | 13:00 Hrs on 2082/06/20 (06th Oct 2025) |

*Chief Administrative Officer*


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

शनिबार, ०४ असोज, २०८२

| | |
|---|---|
| **मेष** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **वृष** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **मिथुन** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **कर्कट** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **सिंह** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **कन्या** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **तुला** | उत्सावर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **वृश्चिक** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **धनु** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **मकर** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **कुम्भ** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **मीन** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०४ असोज , २०८२ (२० सेप्टेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.५९ | १४१.१९ |
| युरो | १ को | १६५.९४ | १६६.६५ |
| पाउन्ड स्टिर्लङ | १ को | १९१.६७ | १९२.४८ |
| स्विस फ्रैन्क | १ को | १७७.६७ | १७८.४३ |
| अस्ट्रेलियन डलर | १ को | ९३.७५ | ९४.१५ |
| क्यानाडियन डलर | १ को | १०२.१७ | १०२.६१ |
| सिङ्गापुर डलर | १ को | १०९.९७ | ११०.४४ |
| जापानी येन | १० को | ९.५६ | ९.६० |
| चिनियाँ युआन | १ को | १९.७६ | १९.८४ |
| साउदी अरब रियाल | १ को | ३७.४८ | ३७.६४ |
| कतारी रियाल | १ को | ३८.५७ | ३८.७३ |
| थाई भाट | ख १ को | ४.४३ | ४.४५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.२८ | ३८.४४ |
| मलेसियन रिङेट | १ को | ३३.४३ | ३३.५८ |
| दक्षिण कोरियन वन | १०० को | १०.१७ | १०.२१ |
| स्विडिस क्रोनर | १ को | १५.१८ | १५.२५ |
| डेनिस क्रोनर | १ को | २२.२३ | २२.३२ |
| हङकङ डलर | १ को | १८.०७ | १८.१४ |
| कुवेती दिनार | १ को | ४६०.६८ | ४६२.६४ |
| बहराइन दिनार | १ को | ३७२.९० | ३७४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा संविधान दिवस
















१) 'संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२' का अवसरमा राष्ट्रपति कार्यालय शीतलनिवासमा शुक्रबार आयोजित विशेष समारोहमा सहभागी राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्कीलगायत ।
२) काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा शुक्रबार आयोजित समारोहमा शान्तिको प्रतीक परेवा उडाउँदै नेपाली सेना ।
३) शुक्रबार बिहान बागलुङ बजारमा आयोजित प्रभातफेरी कार्यक्रममा सहभागी जनप्रतिनिधि तथा कर्मचारी ।
४) शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड)ले शुक्रबार काठमाडौंमा आयोजना गरेको शान्ति र्‍याली ।
५) नेपाल पत्रकार महासंघको अगुवाइमा बिर्तामोडको मुक्तिचोकमा शुक्रबार आयोजित प्रभातफेरी कार्यक्रममा सञ्चारकर्मीलगायत सहभागी ।

*तस्बिरहरू: रासस*

## पृष्ठ १ बाट क्रमशः

कक्षा १० पढ्दै गरेकी १५ वर्षीय एलिशालाई पनि दाजु गुमाउँदाको पीडाले छाडेको छैन । प्रहरीमा कार्यरत दिनेश भन्छन्, 'ऊ देशका लागि सहिद भयो, देश परिवर्तन भएको हेर्न चाहन्थ्यो, भ्रष्टाचार निर्मूल भएको हेर्न चाहन्थ्यो, यति भए उनीहरूले न्याय पाउँथे ।' भतिजको किरिया कर्ममा रहेका केशर भ्रष्टाचारमुक्त देश तथा कार्यकारी प्रधानमन्त्रीको सपना उनीहरू भएकाले त्यसैअनुसार हुनपर्ने बताउँछन् ।

त्यस्तै दोलखाको बिगु गाउँपालिका-३ स्थायी घर भई दुवाकोटस्थित किरिया घरमा छोराको शोकमा रहेका केशव बुढाथोकी दम्पतीको पीडा पनि उस्तै छ । भदौ २४ गतेको आन्दोलनका क्रममा कोटेश्वरमा गोली लागेर सहिद भएका २२ वर्षीय महेश बुढाथोकीका बुबा केशव र आमा दिलकुमारीको साहारा खोसिएको छ । एक वर्षअघि देखि क्यान्सर रोगले थलिएकी आमाको स्याहारसुसार, औषधि र अस्पतालको व्यवस्थापन गर्दै आएको छोरा सधैंका लागि अस्ताएपछि परिवार बेसहारा बनेको छ ।

ग्यास कम्पनीमा मजदुरी गर्दै आएका केशव भन्छन्, 'म सुकेधाराको ग्यास कम्पनीमा काम गर्छु, क्यान्सर रोगी आमाको सबै अभिभारा बोकेको थियो, वैदेशिक रोजगारीका लागि माल्टा जाने तयारी पनि गर्दै थियो, म्यानपावरलाई ५० हजार रूपैयाँ बुझाइसकेको थियो, गरिब परिवारको सबै सपना थाती राखेर सधैंका लागि अस्तायो ।' युवापुस्ताले खोजेजस्तो देशले परिवर्तन पाए सहिदको बलिदानले न्याय पाउने बताउँछन्, भतिजको किरिया कर्ममा बसेका महेशका माइलाबुवा यज्ञबहादुर बुढाथोकी पनि ।

चाँगुनारायण नगरपालिका-१ दुवाकोटमा बस्दै आएका अर्का युवा रोशन (योगेन्द्र) न्यौपाने पनि यही आन्दोलनमा आस्ताए । चाँगुनारायण माध्यमिक विद्यालयबाट एसइई उत्तीर्ण गरी उच्च शिक्षा अध्ययनरत न्यौपानेको परिवार भने किरियाका लागि दुवाकोटको घरबाट पैतृक थलो सिन्धुली पुगेको छ । सहिद न्यौपानेको परिवार तथा आफन्तजनका तर्फबाट पनि देश परिवर्तनका लागि भएको जेन-जी प्रदर्शनका क्रममा शहादत प्राप्त गर्ने सहिदका सपना साकार पार्न सरकारका साथ सम्बद्ध सबैसँग माग गरिएको छ । *रासस*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७-०७-०३ मा दर्ता भएको **प्रा.लि.नं. २४५७५७** को **जुगल लिकर एण्ड टोबाको प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२-०२-२५ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सो **सूचना** प्रकाशित गरिएको छ ।

### कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Dulsco Human Resources Pvt. Ltd.** (ई.प.नं. ५००/०६१/०६२) मा कार्यरत **गुमान सिं तामाङ (ना.प्र.प्र.नं: ८४४३३३)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Dulsco Human Resources Pvt. Ltd.**
Dhumbarahi-4, Nepal. Tel: +977- 014547688, Mobile: 980-3061585, 9810724629, 9818582218, 98414222940, 9860821120 9811193498, 9849942410, 9808974040, Email: dulscohr500@gmail.com, info@dulscohr.com.np, Web: www.dulscohr.com.np
श्रम इजाजत नं. ५००/०६१/०६२

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०६/०४**

**टिसा एग्रो फार्म प्रा.लि.**को मिति २०८२/०५/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्मार्ट किनमेल प्रा.लि. (प्रा.लि नं. ९३०१७)** कायम गर्ने गरी मिति २०८२/०५/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तनको गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/०४**

**यस कम्पनीको मिति २०८२/०५/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी नारंग हस्पिटालिटी प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल, अचल, सम्पत्ति तथा तिर्नु ब्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी नारंग भेन्चर्स प्रा.लि. (द.नं. २१५७१६) कायम गरिएको ब्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।**

### बोलपत्रद्वारा वनपैदावार लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०६।०४**

यस सिस्नेरीपाखा सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०७८।०७९ र २०७९।०८० मा जिल्ला वन पैदावार आपुर्ति समितीलाई छुट्याएको काठ आपुर्ति समितीले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल समेत प्रजातीको गोलिया थान २४४ को १७३५.३५ क्यू.फि.काठ समेत गरी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औं दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सिस्नेरीपाखा सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ६ मकवानपुर**

### कतारमा रोजगार

कम्पनी : **PETROCOAT TRADING CONTRACTING**

पूर्व स्वीकृति मिति : २०८२/०४/२२ | LT. No. 331273 | चलानी नं. ६०२४५०३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PAINTER | 10 | 0 | 1200 | ४६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ११ गते (27th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**
Samakhushi,Townplanning, KTM, Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com, www.appolooverseas.com
Govt. License 586/062/063

### युएइमा रोजगार

कम्पनी : **SKY WORLD TECH CONT**

पूर्व स्वीकृति मिति : २०८२/०४/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०३ | LT. No. 322443 | चलानी नं. ६०२३६५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 50 | 0 | 1000 | ३८,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ११ गते (27th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, +977 985-1358431
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम इजाजत नं. 1365/074/75

### मलेसियामा रोजगार

कम्पनी : **ECONSAVE CASH & CARRY HOLDINGS SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/०२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०३ | LT. No. 324346 | चलानी नं. ६०२३८५३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Goods And Labor Transportation Workers | 250 | 0 | 1700 | ५७,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ११ गते (27th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम इजाजत नं. १००१/०६८/६९

### युएइमा रोजगार

कम्पनी : **SHAHID MEHMOOD TECHNICAL SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | LT. No. 331026 | चलानी नं. ६०२४५०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 2 | 0 | 1500 | ५७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 3 | 0 | 1200 | ४६,०५५ | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1500 | ५७,५६५ | | | | | | | |
| 4 | Electrician Assistant | 2 | 0 | 1200 | ४६,०५५ | | | | | | | |

कम्पनी : **PRIME SPAN TECHNICAL SERVICES CO. L.L.C S.O.C**

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | LT. No. 331025 | चलानी नं. ६०२४५०२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 2 | 0 | 1200 | ४६,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber Assistant | 2 | 0 | 1200 | ४६,०५५ | | | | | | | |
| 3 | Asst Welder | 2 | 0 | 1200 | ४६,०५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ११ गते (27th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**C. D. HUMAN RESOURCES PVT. LTD.**
Govt. License No. 1048/073/074
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262 Mobile: 9708959664, 9707631231, 9804907356 E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com

### MAURITIUS मा रोजगार

कम्पनी : **R.R RAPID SERVICE LTD**

पूर्व स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 331245 | चलानी नं. ६०२४५०३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Delivery Boy | 10 | 0 | 18000 | ५६,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | driver | 10 | 0 | 18000 | ५६,३०५ | | | | | | | |
| 3 | merchandiser | 10 | 0 | 18000 | ५६,३०५ | | | | | | | |
| 4 | packaging clerk | 10 | 0 | 18000 | ५६,३०५ | | | | | | | |
| 5 | Store Helper I | 10 | 0 | 18000 | ५६,३०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ११ गते (27th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

### कतारमा रोजगार

कम्पनी : **EVEREST NEW DINING RESTAURANT**

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ | LT. No. 331246 | चलानी नं. ६०२४५०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 3600 | १३९,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 2 | 2500 | ९६,७९५ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 2000 | ७७,४३५ | | | | | | | |
| 4 | General Cook | 2 | 0 | 2000 | ७७,४३५ | | | | | | | |
| 5 | Restaurant Manager | 0 | 1 | 5700 | २२०,६९५ | | | | | | | |
| 6 | Salesman | 0 | 1 | 2500 | ९६,७९५ | | | | | | | |
| 7 | Waiter | 0 | 2 | 1500 | ५८,०७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ११ गते (27th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम इजाजत नं. १३०२/०७४/०७५

### साउदीमा रोजगार

कम्पनी : **LANA UNITED CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०५/२२ | LT. No. 330801 | चलानी नं.६०२४५०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६७,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **JANAZEEN CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०५/२२ | LT. No. 330176 | चलानी नं.६०२४५०३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1000 | ३७,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **GOOD AL-RABI' RESTAURANT FOR POPULAR FOOD**

पूर्व स्वीकृति मिति : २०८२/०५/११ | LT. No. 330094 | चलानी नं.६०२४५०३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter & Labor | 1 | 0 | 1200 | ४५,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Food and Beverage Counter Worker | 1 | 0 | 1000 | ३७,५८५ | | | | | | | |

कम्पनी : **GULF COASTAL MARINE SERVICES COMPANY IS A ONE-PERSON COMPANY.**

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | LT. No. 330514 | चलानी नं.६०२४५०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver / Heavy Driver | 1 | 0 | 1800 | ६७,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Warehouse Workers | 2 | 0 | 1000 | ३७,५८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ११ गते (27th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80



# संघीयताताको सफल अभ्यास
# समृद्ध यात्रामा भोजपुर

> संघीयता कार्यान्वयन हुनुअघिसम्म भोजपुरमा जम्मा चारवटा मात्र पक्की पुल थिए भने २०७५ सालमा पूर्वाधार विकास कार्यालय स्थापना भइसकेपछि १३ वटा पक्की पुल निर्माण भई सञ्चालनमा आएका छन् । थप दुईवटा पक्की पुल र एकवटा सडक निर्माण तयारी रहेका छन् । पूर्वाधार विकास कार्यालयका अनुसार जिल्लामा झन्डै १०५ किलोमिटर कालोपत्र सडक निर्माणाधीन छ भने दर्जनौं सडक स्तरोन्नति भइसकेका छन् ।

**युवराज विष्ट/भोजपुर**

गणतन्त्र स्थापनापछि जारी भएको संविधान २०७२ ले देशलाई संघीयता संरचनामा लैजाँदा भोजपुरको विकासमा उल्लेखनीय गति आएको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार सञ्चालनमा आएपछि जनताको हक र अधिकार सुनिश्चितासँगै जिल्लामा नमूनायोग्य विकासको थालनी भएको छ ।

संविधानले अवलम्बन गरेको संघीय ढाँचाअनुसार भोजपुरमा हाल दुई नगरपालिका र सात गाउँपालिका गरी नौवटा स्थानीय सरकार सञ्चालनमा छन् । यी तहहरूको आपसी साझेदारी र समन्वयमा जिल्लाका ग्रामिण बस्तीहरूसम्म सडक सञ्जाल विस्तार हुनाका साथै योजनाबद्ध पूर्वाधार विकासले तीव्रता पाएको देखिन्छ ।

संघीयता कार्यान्वयन हुनुअघिसम्म भोजपुरमा जम्मा चारवटा मात्र पक्की पुल थिए भने २०७५ सालमा पूर्वाधार विकास कार्यालय स्थापना भइसकेपछि १३ वटा पक्की पुल निर्माण भई सञ्चालनमा आएका छन् । थप दुईवटा पक्की पुल र एकवटा सडक निर्माण तयारी रहेका छन् । पूर्वाधार विकास कार्यालयका अनुसार जिल्लामा झन्डै १०५ किलोमिटर कालोपत्र सडक निर्माणाधीन छ भने दर्जनौं सडक स्तरोन्नति भइसकेका छन् । संघीयताता लागू भएपछि विशेषगरी सडक र पुल निर्माणका कामहरू तीव्र गतिमा अघि बढेका छन् ।

गत आर्थिक वर्षमामात्रै पाँचवटा पुलमध्ये चारवटा पक्की र एकवटा झोलुंगे पुल निर्माण सम्पन्न भएका छन् । कोशी प्रदेश सरकारको लगानीमा अरुण नदीको लम्सुवाघाटमा तीनपांग्रे सवारीसाधन गुड्न सक्ने पुल निर्माण सम्पन्न भइसकेको छ । हालसम्म भोजपुरमा १७ वटा झोलुंगे पुल सञ्चालनमा आइसकेका छन् । प्रदेश सरकार मातहतका मुख्य बहुवर्षीय आयोजनाहरूमा भोजपुर-टक्सार-मानेभञ्ज्याङ-बासिखोरा-बालांखा रानीटार २० किलोमिटर दुई प्याकेज सडक, षडानन्द १२-तुर्के पुल, झ्याउपोखरी, साम्पाङ फाली दोबाटो २० किलोमिटर सडक, भोजपुर दिङ्ला भोजपुर तीनतले खण्ड १७.५ किलोमिटर सडक, भोजपुर दिङ्ला तीनतले दिङ्ला १६ किलोमिटर सडक र ५२.६ मिटर लम्बाइको तामुटार मोटरेबल पुल ठूला निर्माणाधीन हुन् ।

अर्बौं लगानीमा निर्माण भइरहेका यी योजना सम्पन्न भएपछि भोजपुरको विकासले फड्को मार्ने छ । भोजपुर-टक्सार-मानेभञ्ज्याङ-बासिखोरा-बालांखा रानीटार सडक पहिलो प्याकेजको काम २८ करोड ७० लाख ४८ हजार रूपैयाँ र यही सडकको दोस्रो खण्डको काम २५ करोड ६९ लाख ३० हजार रूपैयाँमा कालोपत्र गर्नेगरी निर्माण भइरहेका छन् ।

त्यस्तै भोजपुर दिङ्ला तीनतले पहिलो खण्ड ५८ करोड ४० लाख १५ हजार रूपैयाँ र दोस्रो खण्ड भोजपुर दिङ्ला तीनतले दिङ्ला सडक ६३ करोड ९२ लाख ६२ हजार रूपैयाँ लागतमा निर्माण भइरहेको पूर्वाधार विकास कार्यालय भोजपुरका प्रमुख राजनराज रेड्डीले जानकारी दिए । तामुटार मोटरेबल पुल ६३ करोड ३५ लाख दुई हजार रूपैयाँ र षडानन्द १२-तुर्के पुल, झ्याउपोखरी, साम्पाङ फाली दोबाटो सडक ५१ करोड ६२ लाख रूपैयाँ लागतमा निर्माण भइरहेको छ ।

प्रदेश सरकारको लगानीमा भोजपुर सदरमुकाम-टक्सार विमानस्थलसम्मको करिब साढे चार किलोमिटर कालोपत्र १६ करोड ९२ लाख रूपैयाँ लागतमा निर्माण सम्पन्न भएर सञ्चालनमा आएको छ । यो कोशी प्रदेश सरकार सञ्चालनमा भएपछि आस्फाल्ड प्रविधिमा निर्माण गरिएको पहिलो सडक पनि हो । देशमा नयाँ संविधान जारी भएर अधिकारहरू पत्यायोजन गरिएपछि जनताले महसुस गर्ने खालको विकास भइरहेको यशोधरा माध्यमिक विद्यालय टक्सारका प्रधानाध्यापक ध्रुवराज रेग्मीले बताए । जनताको दैनिक जनजीवनसँगै जिल्लाको विकासले गति लिएको उनको भनाइ छ । स्थानीय तहमा जनशक्ति व्यवस्थापनमा भने राज्यले ध्यान दिनुपर्ने रेग्मीले बताए । स्थानीय तहलाई शिक्षासम्बन्धी अधिकार रहेकोले शैक्षिक क्षेत्रको सुधारमा सहजता भएको उनको भनाइ छ ।

संविधानको मर्मअनुसार देश संघीयता संरचनामा गएपछि भोजपुरमा विकासले गति लिएको छ । सडक विस्तारसँगै आवश्यक पूर्वाधारका संरचना निर्माण भएपछि ग्रामीण क्षेत्रमा आर्थिक उन्नतिको पाटोसमेत मजबुत बनेको स्थानीयवासी बताउँछन् । जनताले विकासको अनुभूति गर्न पाएका छन् । सानो कामका

> स्थानीय तहहरूले आफ्नो ठाउँका पर्यटकीय क्षेत्रको पहिचान गरेर संरक्षण तथा विकासका लागि काम गरिरहेका छन् । नेपाल सरकारको १०० घुम्नैपर्ने पर्यटकीय गन्तव्यमा पर्ने सफल मुन्दुम पदमार्गको विकासमा टेम्केमैयुङ गाउँपालिकाले योजनाबद्धरूपमा काम गरिरहेको छ । भोजपुर, खोटाङ र सोलुखुम्बु जिल्लाका स्थानीय तहहरूलाई छोएको यो पदमार्गको विकासमा प्रदेश सरकार, संघ सरकार, स्वीस सरकार र भोजपुरका स्थानीय तहसँगै अन्य जिल्लाका स्थानीय तहहरूले पनि आवश्यक भूमिका खेलिरहेका छन् ।

लागि काठमाडौं जानुपर्ने अवस्थाबाट मुक्त भएर घरदैलोको सरकारबाट सेवा लिने अवस्था रहेकामा उनीहरू खुसी देखिन्छन् ।

भोजपुरमा खानेपानीको समस्या समाधानका लागि विभिन्न ठूला खानेपानी आयोजना सञ्चालन भइरहेका छन् । यहाँ साना ठूला तथा नयाँ पुराना गरी करिब १२९ ओटा खानेपानीको योजना सञ्चालनमा रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुरका प्रमुख आशुतोष ठाकुरले बताए । भोजपुर नगरपालिका-७ कोदारमा रहेको अन्तर्राष्ट्रियस्तरको भोजपुर रंगशाला निर्माण गरिएको छ । यो रंगशाला कोशी प्रदेश सरकारको करिब १४ करोड पाँच लाख रूपैयाँ लागतमा निर्माण गरिएको हो । रंगशालामा करिब पाँच हजार दर्शक क्षमताको छ ।

भोजपुरमा २०६५ सालमा कच्ची सडक विस्तारपछि हेलिकप्टरबाट जिप ल्याएर सवारीसाधनको सञ्चालन गरिएको अवस्थामा गणतन्त्र स्थापनापश्चात् भोजपुरको विकासले गति लिएको समाजसेवी गणेश श्रेष्ठले बताए । देश संघीयता संचरनामा गएपछि भोजपुरमा विकासले गति लिएको उनको भनाइ छ । स्थानीय सरकार सञ्चालनपछि धेरै दूरगामी महत्त्व बोकेका योजनाहरू सञ्चालन भइरहेको श्रेष्ठले बताए । जिल्लामा अहिले सडक, पुल, खानेपानी, कृषि पर्यटन, पूर्वाधार विकासलगायतका क्षेत्रमा स्थानीयवासीले महसुस गर्ने खालको विकास भएको उनको भनाइ छ ।

संविधान जारी भएसँगै नयाँ संरचना बनेपछि यहाँ नमूनायोग्य विकास भएका छन् । ठूला कालोपत्र सडक, पुलसँगै भौतिक संरचनाहरू निर्माण भइरहेका छन् । यसले नागरिकको जनजीवनमा प्रत्यक्ष लाभ पुगेको छ । विकासले गति लिए पनि संघीयताताको महत्त्व र आवश्यकताको विषयमा भने जनतालाई बुझाउन आवश्यकता छ । स्थानीय सरकार सञ्चालनमा आएपछि सबै ८१ वटै वडामा कच्ची नै भए पनि सडक विस्तार भएको छ । विस्तार भएका सडकलाई क्रमागतरूपमा स्तरोउन्नति गर्नुपर्ने स्थानीयवासीको माग रहेको छ ।

स्थानीय सरकारले पनि भोजपुरमा सडक पूर्वाधारसँगै पर्यटकीय क्षेत्रमासमेत नमूनायोग्य कामहरू गरिरहेका छन् । सीमित स्रोतको अधिकतम् सदुयोग गर्दै स्थानीय तहहरूले प्रदेश र संघ सरकारसँगको समन्वयमा दीर्घकालीन महत्त्वका योजनाहरूको थालनी गरेको अवस्था छ । यहाँको पौवादुङमा गाउँपालिकाले आफ्नो स्रोत, प्रदेश तथा संघ सरकारसँगको सहकार्यमा तिवारीभञ्याङ-अधेँरीघाट ३६ किलोमिटर सडक कालोपत्र थालेको छ । यो सडक कालोपत्रको काम बर्सेनि भइरहेको छ ।

सुक्खा क्षेत्रका रूपमा परिचित यो गाउँपालिकाले कृषि क्षेत्रमा गरेको लगानीले अकबरे खुर्सानीबाट मात्र वार्षिक १८ करोड रूपैयाँसम्म भित्रने गरेको गाउँपालिका अध्यक्ष किरण राईले जानकारी दिए । कृषकलाई दुग्ध उत्पादनसँग जोड्न गत आर्थिक वर्षमा करिब २०० वटा उन्नत जातका गाईका बाछी वितरणको कार्यक्रम अघि सारेको उनको भनाइ छ ।

स्थानीय तहहरूले आफ्नो ठाउँका पर्यटकीय क्षेत्रको पहिचान गरेर संरक्षण तथा विकासका लागि काम गरिरहेका छन् । नेपाल सरकारको १०० घुम्नैपर्ने पर्यटकीय गन्तव्यमा पर्ने सफल मुन्दुम पदमार्गको विकासमा टेम्केमैयुङ गाउँपालिकाले योजनाबद्धरूपमा काम गरिरहेको छ । भोजपुर, खोटाङ र सोलुखुम्बु जिल्लाका स्थानीय तहहरूलाई छोएको यो पदमार्गको विकासमा प्रदेश सरकार, संघ सरकार, स्वीस सरकार र भोजपुरका स्थानीय तहसँगै अन्य जिल्लाका स्थानीय तहहरूले पनि आवश्यक भूमिका खेलिरहेका छन् । यो पदमार्गलाई पूर्वको स्थापित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यका साथ विकास तथा विस्तारमा योजनाबद्ध रूपमा काम भइरहेको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए ।

यहाँको रामप्रसाद राई गाउँपालिकाले डाग्बुङ (गुराँस) पदमार्ग निर्माण गरेको छ । प्राकृतिकरूपमा मनोरम क्षेत्रलाई समेटेर डाग्बुङ (गुराँस) पदमार्ग निर्माण गरिएको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए । हतुवागढी गाउँपालिकाले पनि जोर आहाल, शंखामचुली, दिमालुङ पदमार्ग निर्माण गरेको छ । प्राकृतिकरूपमा मनोरम ऐतिहासिक हतुवा क्षेत्रलाई समेटेर पदमार्ग निर्माण गरिएको हो । विभिन्न आर्थिक वर्षमा यो पदमार्ग निर्माणका लागि प्रदेश सरकारसँगको सहकार्यमा करिब तीन करोड रूपैयाँ हाराहारी लगानी भइसकेको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए । क्रमागतरूपमा यो पदमार्गको विकास तथा विस्तारको काम भइरहेको उनको भनाइ छ ।

संविधान जारी भएको १० वर्षको अवधिमा भोजपुरको विकासमा नयाँ आयाम थपिएको भोजपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक तथा अधिवक्ता उत्तमसिंह राईले बताए । यो पछिल्लो अवधिमा भोजपुरले चमत्कारिक उपलब्धि हासिल गरेको उनको भनाइ छ । विद्युतीकरणमा पनि जिल्लाले गति लिएको उनको भनाइ छ । स्थानीय तहमा प्रशासनिक भवनसँगै वडास्तरमासमेत आवश्यक संरचना निर्माण भएको उनले बताए । गाउँका दूरदराजसम्म देखिने र महसुस गर्न सक्ने विकास रहेको उनको भनाइ छ । संघीयता लागू भएपछि स्थानीय तहको स्थापनासँगै जनताले आफ्नै घरदैलोबाट सेवा पाउन थालेका छन् । संघीयताले जनतामा सुशासनसँगै सहज र सरल अभ्यासको थालनी भएको महसुस हुन थालेको छ । *रासस*

# सुनसान 'कर्लिम गाउँ'



**ढोरपाटन (बागलुङ)**– 'यति धेरै जग्गाजमिन सबै बाँझो भयो, गाउँभरिका घर सबै रित्तिए, दुःख पर्दा सहायता दिने छिमेकी पनि छैनन्,' बागलुङ काठेखोला गाउँपालिका-५ कर्लिमका तिलबहादुर कँडेल भन्छन् । उनलाई अचेल एक्लो महसुस हुँदै गएको छ । कँडेललाई छरछिमेकी गाउँबाट बसाईँसराइ गरेर सहर झरेपछि कर्लिम गाउँ रित्तो बनेकामा निकै दुःख लागिरहेको छ । कुनै बेला गुल्जार रहेको यो गाउँमा दुई/चार घरमामात्रै मान्छे भेटिन्छन् ।

यसैकारण समस्या पर्दा गुहार माग्दासमेत सहयोग गर्ने कोही नभएको कँडेल बताउँछन् । 'गाउँमा बिमार पर्दासमेत अस्पतालसम्म पुऱ्याउने मान्छेसमेत नपाइने अवस्था छ । गाउँघर झाडीले ढाकिन थालेपछि वन्यजन्तुको आतंक बढ्दै गएको छ । घरकै छेउमा वन्यजन्तुले बासस्थान बनाउँदा हिँड्डुल गर्न पनि त्रास हुने गरेको छ,' उनी भन्छन् ।

स्थानीय मैना सुवेदीले गाउँमा युवा शक्ति नहुँदा खेतीबारीमा काम गर्नसमेत छोडिएको बताइन् । एक दशक अगाडिसम्म गाउँमा धेरै मान्छे हुँदा रमाइलो रहेको स्मरण गर्दै हरेक वर्ष जनसंख्या घट्दै जाँदा दुःख सुखमा पनि मान्छे

> गाउँमा निस्किने बाटोसमेत वनमारा र झाडीले पुरिएको छ । युवाहरु विदेश गए । उनीहरूले कमाएको धनले आफ्ना परिवार सहर बजारमा घर बनाएर सारे । धनीमानी सबै सहर बजार र विदेशमा गए । त्यसैले जता हेऱ्यो त्यतै बाँझो जमिन, उराठिलो बस्ती मात्रै देखिन्छ ।

नभेट्ने अवस्था रहेको उनको भनाइ छ ।

यस्तो अवस्था अन्त्यका लागि राज्यले बसाईँसराइलाई व्यवस्थापन गर्नुपर्ने र घर खाली राख्न नपाइने नीति ल्याउनुपर्ने सुवेदीको धारणा छ । 'गाउँमा निस्किने बाटोसमेत वनमारा र झाडीले पुरिएको छ । युवाहरू विदेश गए । उनीहरूले कमाएको धनले आफ्ना परिवार सहर बजारमा घर बनाएर सारे । धनीमानी सबै सहर बजार र विदेशमा गए । त्यसैले जता हेऱ्यो त्यतै बाँझो जमिन, उराठिलो बस्ती मात्रै देखिन्छ,' उनले भनिन् ।

काठेखोलाको कर्लिममात्र होइन जिल्लाका अन्य धेरै ठाउँबाट बसाईँसराइ गर्नेको संख्या बढ्दै गएको छ । जसले ग्रामीण क्षेत्र सुनसान छन् । काठेखोला जिल्लामै धेरै बसाईँसराइ गर्ने ठाउँ हो । यहाँका अधिकांश युवा जापान, कोरिया र अस्ट्रेलियामा छन् भने उनीहरूको परिवार बागलुङ बजार, पोखरा, काठमाडौं र चिवतन बसाइँ सरेका छन् ।

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले नागरिकलाई गाउँमा रोक्नका लागि सीप, प्रविधि र उद्यमसँग जोड्ने कार्यक्रम ल्याइएको बताए । पहिलेको तुलनामा गाउँमा धेरै परिवर्तन आए पनि बसाइँसराइ रोक्न नसकिएको उनको भनाइ छ ।

'गाउँमा बसेर उद्यम गर्ने युवालाई अनुदानसहित प्रविधिक सहयोगसमेत गर्दै आएका छौं । गाउँपालिकाको स्रोतले भ्याएसम्मको काम गरिरहेका छ । यस कार्यमा सबैले सहयोग गर्न आवश्यक छ । गाउँमा अवसर सिर्जना गर्न सबै लागौं,' अध्यक्ष थापाले भने । *रासस*




कैलालीको घोडाघोडी नगरपालिका–१ सुखडमा शुक्रबार संविधान दिवसका अवसरमा दीप प्रज्वलन गरिँदै । *तस्बिरः रासस*

# कालीगण्डकी लोकमार्ग भासियो

**पर्वत–** उत्तर दक्षिण जोड्ने राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी लोकमार्ग भासिएको छ । लोकमार्गअन्तर्गत फलेबास नगरपालिका-११ पाङ्राङमा बिहीबार सडक भासिएको हो । सडक भासिएपछि मर्मतमा समस्या देखिएको छ ।

कालोपत्र भइसकेको स्थानमा भासिने, उप्किने र खाल्डाखुल्डी पर्ने समस्याले सडक जीर्ण बन्दै गएको छ । कालीगण्डकी लोकमार्गको पर्वत खण्डमा पर्ने झण्डै ७० किलोमिटरमध्ये कालोपत्र भइसकेको सेतीवेणी-फलेबास खण्डमा बिग्रिएको सडक मर्मत हुन नसक्दा यातायातका साधन सञ्चालन गर्न समस्या भएको छ ।

करिडोरको पाङ्राङ खण्डको सडक अविरल वर्षात्का कारण भासिएको हो । लोकमार्ग निर्माणको काम सम्पन्न भएको स्थानमा सडक भासिने तथा भत्कने क्रम वर्षात्का क्रममा रोकिएको छैन । सडक भासिएपछि यातायातका साधन सञ्चालन गर्न समस्या भएको छ । अहिले एकतर्फी रूपमा सवारीसाधन सञ्चालन भइरहेका कालीगण्डकी करिडोर आयोजना कार्यालय, पाल्पाका इञ्जिनियर पिपुल गौतमले जानकारी दिए ।

सडक नियमित रूपमा मर्मतको काम नभएको भन्दै स्थानीयले गुनासो गर्ने गरेका छन् । सडकखण्डको सेतीवेणीदेखि कुर्घासम्मको सडक निर्माण कार्य अधिकांश सम्पन्न भए पनि केही भागको काम भने अझै अलपत्र छ । कुर्घादेखि पाङ्राङ जोड्ने स्थानमा सडक जीर्ण अवस्थामा छ ।



काम सम्पन्न भए जिम्मा लिने निकाय नहुँदा मर्मत तथा रेखदेखमा समस्या आएको इञ्जिनियर गौतमले बताए । राष्ट्रिय सडक सञ्जालमा सूचीकरण हुन नसक्दा सडक विभागले मर्मतलगायतको काम गर्न नपाएको उनको भनाइ छ । पर्वत खण्डको २९ किलोमिटर सडकमा कालोपत्र सम्पन्न भएको दुई वर्ष बितिसकेको छ । कुन निकायले रेखदेख गर्ने भन्ने स्पष्ट नहुँदा सडक मर्मत तथा रेखदेखमा समस्या भएको इञ्जिनियर गौतमले बताए ।

पर्वत खण्डको सेतीबेनीदेखि फलेबास ढिकसम्मको सबै खण्ड कालोपत्र भइसकेको छ । कालोपत्र भइसकेको खण्डलाई राष्ट्रिय राजमार्गमा सूचीकरण नगर्दा कुन निकायले मर्मत र रेखदेख गर्ने भन्ने समस्या भएको उनले बताए । सम्पन्न भइसकेको खण्डमा वर्षायाममा खसेको पहिरोसमेत पन्छाउन समस्या भएको कार्यालयले जनाएको छ ।

लोकमार्गअन्तर्गत पर्वतको सेतीवेणीदेखि अर्मादीसम्म ४३ किलोमिटर सडकको काम धमाधम भइरहेको छ । त्यसैगरी फलेबास-अर्मादी सडकखण्डको १४ किलोमिटर भने निर्माण कम्पनीको लापरबाही कारण समयसमा काम नहुँदा कालोपत्रको काम अगाडि बढाउन सकिएको छैन । उक्त खण्डमा समयमा काम नहुँदा कालोपत्रको कामको टेण्डर आह्वानसमेत हुन नसकेको र चालु आर्थिक वर्षमा बजेटसमेत सुनिश्चितता नभएको कार्यालयले जानकारी दिएको छ । स्याङ्जाको मिर्मीदेखि पर्वतको सेतीबेनीसम्मको १० किलोमिटर सडक पनि कालोपत्र हुँदै छ भने पर्वतको मालढुंगादेखि म्याग्दीको बेनीसम्मको १३ किलोमिटर सडकसमेत चालु आर्थिक वर्षभित्रै कालोपत्र गरिसक्ने लक्ष्य छ । *रासस*

# तटबन्ध नहुँदा कुतियाकवर बस्ती साँघुरिँदै

**दोधारा चाँदनी (कञ्चनपुर)–** बाढीका कारण दोधारा-चाँदनीको कुतियाकवरको डेढ बिघा खेतीयोग्य जग्गा कटान भएको छ । दोधारा-चाँदनी नगरपालिका-१० स्थित पूर्वमा महाकाली र उत्तरमा जोगबुढा नदीको दोसाँधमा रहेको कुतियाकवर जोगबुढा नदी र महाकाली नदीको चपेटामा पर्दै आएको छ ।

दक्षिणमा भारतसँग सीमाना जोडिएको यो बस्तीमा महाकाली नदीको लगातारको कटानले ठूलो क्षति गरेको दोधारा-चाँदनी-१० का वडाध्यक्ष चन्द्रबहादुर सिंहले जानकारी दिए । उनका अनुसार महाकाली नदीले अहिले पनि कुतियाकवरको खेतीयोग्य जग्गामा कटान भइरहेको छ । 'महाकाली नदी र जोगबुढा नदी दुवैले कुतियाकवरको डेढ बिघा जग्गा कटान गरिसकेको छ,' वडाध्यक्ष सिंहले भने, 'उक्त स्थानमा ७०० मिटर तटबन्ध बनाउन बहुवर्षीय ठेक्का लागे पनि नदीमा पानी बढेका कारण तटबन्ध निर्माण हुन सकेन ।' स्थानीयका अनुसार नदीको निरन्तरको कटानले कुतियाकवरमा आठ परिवारको जग्गा कटान भएको छ ।

'बाढीले दैनिक जमिन नदीमा समाहित भइरहेको छ,' स्थानीय खडक बुढाले भने, 'बाढी आउनेबित्तिक्कै कटान सुरु हुन्छ ।' उनका अनुसार महाकाली नदी घरसम्म पुग्न अब ५० मिटरमात्रै बाँकी छ । स्थानीय नैनसिंह सुनारको घर जोखिममा परेको छ । आठ परिवारको खेतीयोग्य जग्गासमेत बगरमा परिणत भएको उनले बताए । जोगबुढा र महाकाली नदी दुवैको कटानले बस्ती साँघुरिँदै गएको छ ।

स्थानीयले बस्ती जोगाउन सरकारसँग पटक-पटक आग्रह गरे पनि कटान रोक्न तटबन्ध निर्माण हुन नसकेको स्थानीय टेकबहादुर सुनार बताउँछन् । डुबान र कटानकै कारण यहाँबाट धेरै परिवार बसाइँ सरेर अन्यत्र गइसकेका छन् । 'बाढीले कटान गरेपछि महाकाली नदी बस्ती छेउमा पुगिसकको छ सरकारले यहाँ तटबन्ध निर्माण गर्न नसक्दा बस्ती साँघुरिँदै गएको छ,' उनले भने, 'नदीले बर्सेनि खेतीयोग्य जमिन कटान गर्दै आएको छ, बस्ती नै नदीमा समाहित हुने चिन्ता छ ।'

वि.सं. २०२२ देखि बसोबास रहेको यो बस्तीमा १५० परिवारको बसोबास थियो । महाकाली र जोगबुढा नदीको बाढी बस्ती पस्न थालेपछि यहाँबाट १०० घरपरिवार विस्थापित भएका छन् । बाढीबाट कुतियाकवर बस्ती जोगाउन सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले जोगबुढा नदीमा ८१६ मिटर लामो तटबन्ध निर्माणको काम सुरु गरेको थियो ।

तर ढिलोगरी ठेक्का सुरु भएको र नदीमा पानीको मात्रा बढेपछि निर्माण व्यवसायीले काम गर्न नसक्दा निर्माण कार्यले पूर्णता पाउन सकेन । तटबन्ध निर्माणका लागि कार्यालयले २०८१ चैत २५ गते पाँच करोड १६ लाख रूपैयाँमा शंकर कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार ८१६ मिटर लामो तटबन्ध २०८२ चैत २५ भित्र सम्पन्न गरिसक्नुपर्ने छ । *रासस*

# सुदूरपश्चिमका २८ स्थानमा सुपथ मूल्यका पसल सञ्चालन

**कञ्चनपुर (प्रस)–** सुदूरपश्चिमका २८ स्थानमा चाडपर्वलक्षित सुपथ मूल्यका पसल सञ्चालन भएका छन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले सुदूरपश्चिमका विभिन्न जिल्लामा चाडपर्वलक्षित सुपथ मूल्यका पसल सञ्चालनमा ल्याएका हुन् ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दसैं, तिहार र छठपर्वलाई लक्षित गर्दै सुदूरपश्चिमका २० स्थानमा सुपथ मूल्यका पसल सञ्चालन गर्ने छ भने साल्ट ट्रेडिङले आठ स्थानमा पसल सञ्चालन गरेको जनाइएको छ ।

खाद्य व्यवस्था लिमिटेडको प्रदेश कार्यालयका प्रादेशिक प्रमुख दीपक थापाले भने, 'हामीले सुपथ मूल्यका पसलबाट दुई प्रकारका चामल र चिनी प्रतिकिलो पाँच रूपैयाँ छुटमा उपलब्ध गराउने छौं । गत भदौ ३० गतेदेखि सुपथ मूल्यका पसल सञ्चालनमा आएका हुन् ।'

उनका अनुसार कैलालीको धनगढी, डडेलधुराको खलंगा बजार, कञ्चनपुरको शाखा कार्यालय महेन्द्रनगर, डोटीको खलंगा बजार र मौवानगर खरिद बिक्री केन्द्रमार्फत सुपथ मूल्यका पसल सञ्चालन गरिएको हो ।

बाजुराको शाखा कार्यालय मार्तडी, डिपो कार्यालय कोल्टी, धुलाचौर बिक्री केन्द्र, बिच्छाया बिक्री केन्द्र र पाण्डुसैन बिक्री केन्द्र, बैतडीको गोठालापानी र परचौडीहाट बिक्री केन्द्र, रोलेश्वर, आम्चौरा र दोगडाकेदार खरिद बिक्री केन्द्रमा सुपथ मूल्यका पसल सञ्चालनमा छन् । दार्चुलाको शाखा कार्यालय, सुनकेसरा बिक्री केन्द्र, हिकिला र खण्डेश्वरी खरिद बिक्री केन्द्र र अछामको शाखा कार्यालय मंगलसेन, सैनाबजार, साफेबगर, कमल बजार खरिद बिक्री केन्द्रबाट सेवा सुरु भएको प्रमुख थापाले जानकारी दिए ।

साल्ट ट्रेडिङ कर्पोरेसनका प्रदेश कार्यालय प्रमुख तेजबहादुर कुँवरले सुदूरपश्चिमका आठ स्थानबाट सुपथ मूल्य पसल सञ्चालन गर्ने जानकारी दिए । उनले साल्ट ट्रेडिङबाट सञ्चालन हुने सुपथ मूल्यका पसलमा नुनमा प्रतिकिलो दुई रूपैयाँ, चिनीमा प्रतिकिलो पाँच रूपैयाँ, तेल चिउरा, पिठो मैदा र दालमा प्रतिकिलो सात रूपैयाँ छुट दिने बताए । डडेलधुरा, कैलालीको धनगढी, टीकापुर र अत्तरिया, कञ्चनपुरको बेलौरी र महेन्द्रनगर, डोटीको दिपायल, बैतडीको पाटनबाट सुपथ मूल्यका पसल सञ्चालन गरिएको साल्ट ट्रेडिङले जानकारी दिएको छ ।

# संविधान दिवसका अवसरमा रक्तदान, ५५ पिन्ट रगत संकलन



**बुटवल (प्रस)–** डुज मल्टी सर्चिसेसले बुटवल मिलनचोकमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बुटवल-८ मिलनचोकमा रहेको उक्त संस्थाले संविधान दिवसका अवसरमा रक्तदान कार्यकम आयोजना गरेको हो ।

जेन-जी आन्दोलनका घाइतेहरू, वर्षात् मौसममा बढ्ने डेंगु, मलेरियाजस्ता अन्य रोगका कारणले देशभरिमा भएको उच्च रक्त अभावको अवस्थालाई मध्यनजर गर्दै रगतको परिपूर्ति गर्नका लागि रक्तदान कार्यक्रम गरिएको संस्थाले जानकारी दिएको छ । संस्थाले आफ्नो नैतिक र समाजिक उत्तरदायित्व अनुरूप विद्यार्थीको पठनपाठनसहित समाजिक उत्तरदायित्वका कार्यहरूलाई समानान्तररूपमा लैजाने डुजका सञ्चालक सुन्दर पाण्डेयले जानकारी दिए । उक्त रक्तदान कार्यक्रममा संस्थामा पढ्दै गरेका विद्यार्थी, कर्मचारीलगायतले रक्तदान गरेका थिए । कार्यकममा ५५ पिन्ट रगत संकलन गरिएको थियो । संकलित रगत रक्तसञ्चार केन्द्र बुटवललाई हस्तान्तरण गरिएको छ ।

कार्यक्रममा कम्पनीका प्रेसिडेन्ट सुन्दर पाण्डेय, प्रबन्ध निर्देशक छविलाल डुम्रे, शिक्षक तथा कर्मचारीलगायतको सहभागिता रहेको थियो । रक्तदान कार्यक्रम नेपाल रक्तदाता समाज रूपन्देहीसँगको सहकार्यमा सम्पन्न भएको थियो ।

# नयाँ पुस्ताको सोच र चाहनाअनुरूप अघि बढ्नुपर्छ : मुख्यमन्त्री आचार्य



**लुम्बिनी–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले नयाँ पुस्ताको सोच र चाहनाअनुरूप अघि बढनुपर्ने बताएका छन् ।

संविधान दिवसका अवसरमा प्रदेश सरकाले शुक्रबार प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा आयोजित मूल समारोहमा युवा पुस्ताको चाहनाअनुरूप सरकारका काम थप पारदर्शी, जवाफदेही र जिम्मेवार ढंगले अघि बढाइने बताए । मुख्यमन्त्री आचार्यले लोकतान्त्रिक विधि र प्रक्रियामार्फत संविधानको कार्यान्वयन नै सबैको साझा लक्ष्य हुनुपर्ने यही लक्ष्यले मुलुकलाई निकास दिने विश्वास व्यक्त गरे ।

उनले सेवा प्रवाहमा हुने ढिलासुस्ती र फाइल रोकिराख्ने प्रवृत्तिको जरैदेखि अन्त्य गर्नु आजको आवश्यकता भएको बताए । 'संविधानले सामाजिक न्याय, समावेशिता, समानता, सहिष्णुता र सद्भावलाई संरक्षण गर्दै समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्ने संकल्प बोकेको छ । प्रदेश सरकारले संविधान, दिगो विकासका लक्ष्य, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दोस्रो आवधिक योजनालाई आधार मान्दै नीतिगत, संरचनात्मक र कानुनी सुधारका कार्यलाई अगाडि बढाइरहेको छ । यसमा सबैको सहयोग आवश्यक छ,' मुख्यमन्त्री आचार्य भने ।

कार्यक्रममा प्रदेशसभाका सभामुख तुलाराम घर्तिमगरले संविधानभित्रैबाट निकास खोजिनुपर्ने बताए । 'हाम्रो संविधान अब्बल छ हो । यहीभित्र बसेर युवा पुस्ताको सोचलाई सम्बोधन गर्दै अघि बढ्न सकिन्छ,' उनले भने, 'अहिले देखिएको विद्रोहको व्यवस्थापन पनि संविधानभित्रै गर्नुपर्छ । अब सबैले आत्मसमीक्षा गरेर कार्यशैली बदल्न सक्नुपर्छ । जनता असन्तुष्ट हुनेगरी काम गर्नु हुँदैन ।' पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संविधानलाई अझ माटो सुहाउनेगरी परिमार्जन गरेर सबैका भावनालाई समेट्न आवश्यक रहेको बताए ।


## बोलपत्रद्वारा वनपैदावार लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०६।०४**

यस चिलाउनेटार सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार ढलापाडा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल समेतको गोलिया थान १०६ को ८४७.३९ क्यू.फि. काठ र जिल्ला वन पैदावार आपुर्ति समितीलाई छुट्याएको काठ आपुर्ति समितीले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल प्रजातीको गोलिया थान १७ को १३९.६६ क्यू.फि.काठ समेत गरी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औं दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री चिलाउनेटार सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ६ मकवानपुर**



## युएइमा रोजगार

कम्पनी : LORENZO SALOON

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ | LT. No. 331275 | चलानी नं. ६०२४५०३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 1500 | ५७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | HENNA APPLICATOR | 0 | 1 | 1500 | ५७,५६५ | | | | | | | |
| 3 | MANICURIST | 0 | 2 | 1500 | ५७,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ११ गते (27th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com



## युएइमा रोजगार

कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०६/०३ | LT. No. 315593 | चलानी नं. ६०२२९८३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforce Fitter Assistant | 3 | 0 | 1000 | ३८,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Mason | 1 | 0 | 1200 | ४६,०५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ११ गते (27th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159,
9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

# प्रभाव दैनिक





## 'महादशा'मा निरूता सिंह र उत्तम प्रधान अनुबन्धित

नेपाली चलचित्र महादशा ले आफ्ना मुख्य कलाकारको रुपमा लोकप्रिय अभिनेता उत्तम प्रधान र चर्चित नायिका निरूता सिंहलाई भित्र्याएको छ । किरण नेपालीको निर्देशनमा तयार हुने यस चलचित्रमा समाजका विविध पक्ष र जीवनका चुनौतीपूर्ण परिस्थितिलाई प्रस्तुत गरिने बताइएको छ । लेकाली इन्टरटेन्मेन्टले निर्माण गर्ने फिल्ममा प्रमोद अग्रहरी, प्रेमा लामगाढे र हाकिम गुरूङको अभिनय रहनेछ । मनिष गौतमले लेखेको फिल्ममा राजेन्द्र के शाह, श्याम मगर र अमला देवी राईले लगानी गरेका छन् । सुरज आचार्य कार्यकारी निर्माता रहेका छन् ।




शनिबार, ०४ असोज २०८२ (Saturday, 20 September 2025)


# चलचित्र 'बलिदान'को 'ट्रेलर' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं –** चलचित्र 'बलिदान' को 'ट्रेलर' सार्वजनिक गरिएको छ।

यसअघि उक्त चलचित्रको पोस्टर, प्रि-टिजर, टिजर र गीत सार्वजनिक भइसकेको छ। ट्रेलरको अभिनेत्री ऋचा शर्मा आमाको भूमिकामा देख्न सकिन्छ। देशभक्तिभाव झल्काउन खोजिएको उक्त चलचित्रको ट्रेलरमा कलाकार अर्पण थापा, सौगात मल्ल र महेन्द्र बुढाथोकी फरक अवतारमा देखिएका छन्। मल्लले आफूलाई राक्षस बन्न बाध्य पारेको संवाद प्रस्तुत गरेका छन् भने समीर र सौगातबीचको द्वन्द्व दृश्य विशेष रूपमा प्रस्तुत गरिएको छ।

यसअघि सार्वजनिक गरिएको टिजरमा सौगात मल्लको मसाल बोकेको दृश्य, हेमन्त बुढाथोकीको संवाद र ऋचा शर्माको भावनात्मक प्रश्न समेटिएको छ। निर्देशक सन्तोष सेन स्वयं आदिवासी पात्रका रूपमा देखिएका दृश्यले टिजरलाई थप रोचक बनाएको छ।

चलचित्र 'बलिदान'लाई बहुप्रतीक्षित नेपाली चलचित्रका रूपमा हेरिएको छ। निर्देशक सेनले यसअघि बलिदानलाई चलचित्र मात्र नभई हरेक नेपालीको मनको विद्रोहको प्रतीक भएको बताएका थिए। यसबीचमा, चलचित्रको शीर्ष गीत 'यो ज्यान बलिदान' ले चर्चा बटुलिसकेको छ। सुजन चापागाईंको स्वर र संगीत, हर्क साउदको शब्दमा तयार गीतले जनमानसमा चर्चा पाइरहेको छ।

आसुसेन फिल्म्स प्रालिको ब्यानरमा बनेको यो चलचित्रमा समीर भट्ट, सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा, कविता राय, हेमन्त बुढाथोकी, प्रेम पुरीलगायतको अभिनय छ। निर्माता पवन ब्राडफोर्ड बिस्ट र कार्यकारी निर्माता प्रेम पुरी छन्। चलचित्र बडादसैंको फूलपातीको दिन (असोज १३ गते) प्रदर्शनमा आउने जनाइएको छ।

# मिस्टर नेपालको ग्राण्ड फिनाले आज

■ प्रभाव संवाददाता

**काठमाडौं –** 'मिस्टर नेपाल २०२५'को ग्राण्ड फिनाले शनिबार आयोजना हुँदैछ। होटल सोल्टीमा आयोजना हुने प्रतियोगीताको शीर्ष उपाधिका लागि ३० युवा भिड्दैछन्। प्रतियोगीताको सम्पुर्ण तयारी पुरा भएको र कार्यक्रममा भव्य एबं सभ्य हुने आयोजक नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए।

देशका प्रतिष्ठित ब्यक्तिहरूको सहभागीता रहने प्रतियोगीमा कृष्ण कसुधम नेपालगन्ज, इन्द्र ढुंगेल महेन्द्रनगर, रेजो नकुमार गौतम धनगढी, सन्देश गजुरेल नुवाकोट, निशान्त बुढायर कञ्चनपुर, कुशग्र गुप्ता नेपालगञ्ज, सत्यम पाठक काठमाडौं, निश्चल मानन्धर हेटौंडा, अजय रौनियार दुहबी सुनसरी, विजय स्याङ्तान मकवानपुर, अशिम बस्नेत, गिरीश रत्न शाक्य भद्रपुर झापा, प्रणिप श्रेष्ठ काठमाडौं, अजय रिजाल धगढी, सक्रिया घिसिङ तामाङ काठमाडौं, सन्दीप भारती काठमाडौं छन्।

त्यस्तै एञ्जल गिरी धरान, आशिष गिरी अमेरिका, अष्टिन शेरचन ललितपुर, दर्पण सिंह गिरी पोखरा, दिनेश गुरुङ स्याङ्जा, हिमाञ्चल राज केसी ललितपुर, निशान कार्की विराटनगर, सबल कटुवाल कटारी, उदयपुर, विशनजंग निरौला इटहरी, सुजल उपाध्याय भैरहवा, प्रकाश चौहान मोरङ, निशान्त केसी सुर्खेत, लक्ष्मणचन्द ठकुरी बैतडी र प्रभात थापा क्षेत्री नेपालगञ्ज उपाधिका लागि भिड्दैछन्।

सबै प्रतियोगी स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङग, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङलगायतका दर्जन बढी विषयको प्रशिक्षण सहित फाइनमा उत्रिन लागेको आयोजक नेक्स्ट मोडल्स नेपालकी प्रवन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन्।



प्रतियोगितामा 'मिस्टर वर्ल्ड नेपाल', 'मिस्टर ग्लोबल नेपाल' र 'म्यान अफ द वर्ल्ड नेपाल' गरेर तीन विजेता छानिनेछ। विजेताले 'मिस्टर वर्ल्ड २०२५' वा 'मिस्टर ग्लोवल २०२५' मा नेपालको प्रतिनिधित्वको अलवा ५ लाख बराबरको पुरस्कार हात पार्नेछन्। प्रतियोगीताको कोरियोग्राफर तथा मेन्टरसिप प्रशान्त ताम्राकार रहेका छन्।

युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्यले २००१ देखि नियमित आयोजना हुँदै आएको प्रतियोगीता पुरुषहरू सहभागी हुने नेपालकै ठुलो र प्रतिष्ठित हो।

## रंगशाला

# छैटौं खुला दौड प्रतियोगिताको उपाधि सेनाका कमललाई




■ प्रभाव संवाददाता

**गोरखा-** संविधान दिवसको अवसरमा लियो क्लब अफ गोरखाद्वारा आयोजित खुला दौड प्रतियोगिताको उपाधि नेपाली सेनाका कमल नेपालीले हात पारेका छन्।

गोरखा नगरपालिका-९ लक्ष्मीबजारदेखि गोरखा बसपार्कसम्मको चार किलोमिटर दूरी १८ मिनेट २८ सेकेण्डमा पार गर्दै नेपालीले प्रथम स्थान हासिल गरेका हुन्। सोही दूरी १८ मिनेट ३४ सेकेण्डमा पार गर्दै सरोज गिरी द्वितीय भएका छन्। सनम गुरुङले सोही दूरी १९ मिनेट १९ सेकेण्डमा पार गर्दै तृतीय भएका छन् भने १९ मिनेट ४४ सेकेण्डमा पार गर्दै प्रवीन थापाले सान्त्वना स्थान हासिल गरेको क्लबका अध्यक्ष राज गुरुङले जानकारी दिए।

क्लबले प्रथम हुनेलाई पाँच हजार नगद, मेडल र प्रमाणपत्र, द्वितीय हुनेलाई तीन हजार मेडल र प्रमाण, तृतीय हुनेलाई दुई हजार नगद, मेडल र प्रमाण प्रदान गरेका छन् भने सान्त्वना हुनेलाई रु एक हजार पुरस्कार प्रदान गरेको क्लबका अध्यक्ष राज गुरुङले जानकारी दिए।

विजेता धावकहरूलाई गोरखा नगरपालिकाका मेयर कृष्ण रानामगर, गोरखा उद्योग वाणिज्य संघका अध्यक्षसमेत रहेका लियो क्लब अफ गोरखाका सल्लाहकार भगवानबाबु मास्के, लियो डिस्ट्रिक्ट तीन सय २५ जे नेपालका अध्यक्ष बालकृष्ण परियार, लायन्स क्लब अफ गोरखाका अध्यक्ष अयोध्या जोशीले पुरस्कार प्रदान गरेका थिए।

# नेपाली क्रिकेट टोलीले पाएन युएईको भिसा

■ प्रभाव संवाददाता

**काठमाडौं-** भिसा नआएका कारण वेस्ट इन्डिजविरूद्धको ऐतिहासिक युनिटी कप ट्वान्टी-२० अन्तर्राष्ट्रिय शृंखलाका लागि नेपाली क्रिकेट टोली युएई जान ढिला हुने भएको छ ।

नेपाली टोली शुक्रबार युएई प्रस्थान गर्ने तयारीमा थियो । तर बेलुकासम्म भिसा नअउँदा टोली उड्न नपाएको नेपाल क्रिकेट संघ (क्यान) का प्रवक्त छुम्बी लामाले बताए ।

जेनजीले गरेको प्रदर्शनका कारण नेपालको पछिल्लो घटनाक्रमपछि युएईले नेपालीलाई भिजिट भिसा दिन रोक लगाएपछि अहिले त्यसको असर क्रिकेट टोलीलाई पनि परेको छ ।

प्रवक्ता लामाले युएई क्रिकेट बोर्ड र आइसिसीको समन्वयमा भिसाको प्रकृया भइरहेको र आउने बित्तिकै युएई जाने बताए । 'यसअघि चाँडै भिसा पाइन्थ्यो । तर, अहिलेको विषम परिस्थितिका कारण युइएले सबै नेपालीलाई भिसा दिन रोकेको छ,' लामाले भने, ' हामीले युएई र आइसिसीको समन्वयमा भिसाको प्रक्रिया आगाडि बढाएका छौं । आउने बित्तिकै टोली युएई प्रस्थान गर्नेछ ।' नेपाल र वेस्ट इन्डिज पहिलो पटक ट्वान्टी-२० शृंखलामा प्रतिस्पर्धा गर्दैछन् ।

शृंखला सेप्टेम्बर २७ देखि ३० सम्म संयुक्त अरब इमिरेट्स (युएई) को शारजाहँ क्रिकेट मैदानमा हुनेछ। नेपालले यो शृंखलालाई आइसिसी ट्वान्टी-२० विश्वकप एसिया छनोटको



तयारीका रूपमा लिएको छ । नेपाल रोहितकुमार पौडेल र वेस्ट इन्डि अकिल होसेनको कप्तानीमा मैदान उत्रिनेछन् ।

**वेस्ट इन्डिज टोली**

अकिल होसेन (कप्तान),फाबियन एलन, ज्वेल एन्ड्रयु, अकिम अगेस्ट, नवीन बिदाइस, जेडियाह ब्लेड्स, केसी कार्टी, करिम गोरे, जेसन होल्डर, आमिर जाङ्गु, काइल मेयर्स, ओबेड म्याककोय, जिशन मोटारा, रामोन सिमोन्ड्स र शमार स्प्रिङ्गर

**नेपाली टोली**

रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, लोकेस बम, दीपेन्द्र सिंह ऐरी (उपकप्तान), कुशल मल्ल, आसिफ सेख (विकेटकिपर), आदील आलम, सोमपाल कामी,करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, आरिफ सेख, सन्दीप जोरा, ललितनारायण राजवंशी, गुलशन कुमारझा, साहब आलम छन् ।


**बोलपत्रद्वारा वनपैदावार लिलाम विक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०६।०४**

यस रूपाचुरी सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार ढलापाडा तथा सुखडखडा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल गोलिया थान ४५० को २८०२.३६ क्यू.फि. काठ र दाउरा ३.०० चट्टा र जिल्ला वन पैदावार आपुर्ति समितीलाई छुट्याएको काठ आपुर्ति समितीले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल प्रजातीको गोलिया थान ५० को ३५६.०३ क्यू.फि.काठ समेत गरी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री रूपाचुरी सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ६ मकवानपुर**



पूर्वी चीनको जियांसी प्रान्तको जिङदेझेन सहरस्थित ताओयांली ऐतिहासिक तथा सांस्कृतिक ब्लकमा पोर्सिलेन बनाउने प्रक्रिया प्रदर्शन गर्दै एक शिल्पकार । *तस्बिरः सिन्ह्वा*

ट्रम्प–सी फोन वार्ता

# टिकटकको भाग्य र व्यापार सम्झौतामा प्रगतिको आशा




**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको फोन वार्तामा भिडियो साझेदारी एप टिकटकको भाग्यलाई अन्तिम रूप दिने र दुई देशबीचको व्यापार वार्तामा प्रगति गर्ने आशा व्यक्त गरेका छन् । 'म राष्ट्रपति सीसँग कुरा गर्दै छु, तपाईंलाई थाहा छ, टिकटक र व्यापारबारे,' ट्रम्पले बिहीबार फक्स न्युजसँगको अन्तर्वार्तामा भने, 'हामी सम्झौतामा धेरै नजिक छौं र चीनसँग मेरो सम्बन्ध धेरै राम्रो छ ।'

जनवरीमा ह्वाइट हाउस फर्केपछि ट्रम्प र सीबीच यो दोस्रो र वर्षको सुरुदेखि तेस्रो संवाद हो । जुन ५ मा ट्रम्पले सीलाई अमेरिकामा निमन्त्रणा गरेका थिए भने आफूलाई चीन भ्रमणको प्रस्ताव आएको बताएका थिए । हालसम्म भ्रमण तालिका तय नभए पनि विश्लेषकहरूले सीले आफ्नो प्रस्ताव दोहोऱ्याउने अपेक्षा गरेका छन् ।

## टिकटक विवाद

राष्ट्रिय सुरक्षाको कारण देखाउँदै अमेरिकी कांग्रेसले चिनियाँ मूल कम्पनी बाइटडान्सलाई आफ्नो अमेरिकी सञ्चालन बेच्न बाध्य पार्ने कानुन बनाएपछि टिकटक विवादित बनेको हो । ट्रम्पले भने बारम्बार प्रतिबन्ध स्थगित गर्दै अन्ततः समाधान खोज्ने संकेत दिएका छन् ।

'टिकेकमा केही अन्तिम रूप दिने आशा छ,' उनले पत्रकारहरूसँग भने । सम्झौता भए टिकटकको अमेरिकी व्यवसाय अमेरिकी लगानीकर्ताहरू, धनी व्यक्तिहरू र ठूला कम्पनीहरूको स्वामित्वमा रहने उनको भनाइ छ । ट्रम्पले टिकटक एपले युवा मतदातालाई आकर्षित गरेर सन् २०२४ को चुनाव जित्न मद्दत गरेको दाबीसमेत गरे । वाल स्ट्रिट जर्नलका अनुसार टिकटकलाई नियन्त्रण गर्न सम्भावित कन्सोर्टियममा ओरेकल र अमेरिकी लगानी कोषहरू सिल्भर लेक तथा एन्ड्रिसन होरोविट्ज सहभागी हुने छन् ।

## व्यापार र भन्सार शुल्क

यसैबीच, दुवै मुलुकबीच टेलिफोन वार्ता विश्वव्यापी आपूर्ति शृंखलामा असर गर्ने स्तरमा पुगेको भन्सार शुल्क विवादबीच भएको हो । यस वर्षको सुरुआतमा कर बढाएर तनाव चुलिएपछि वासिङ्टन र बेइजिङले लेवी घटाउने अस्थायी सम्झौता गरेका थिए । सम्झौता नोभेम्बरमा समाप्त हुँदै छ । हाल अमेरिकाले चिनियाँ सामानमा ३० प्रतिशत र चीनले अमेरिकी सामानमा १० प्रतिशत भन्सार शुल्क लगाएका छन् ।

## कूटनीतिक पृष्ठभूमि

सीले हालै रुस र भारतका नेताहरूसँग शिखर सम्मेलन आयोजना गरेका थिए र उत्तर कोरियाली नेता किम जोङ उनलाई सैन्य परेडमा आमन्त्रित गरेका थिए ।

ट्रम्पले आफ्नो ट्रुथ सोसलमा सीलाई सम्बोधन गर्दै 'कृपया पुटिन र किमलाई मेरो सम्मान दिनुहोस् किनकि तपाईंहरूले अमेरिकाविरुद्ध षडयन्त्र गर्नुभयो' भनेका थिए । साथै, उनले भारतलाई रुसी तेल खरिद गरेकामा आलोचना गर्दै दण्डात्मक भन्सार शुल्क लगाएको बताए । बेइजिङलाई अमेरिकाले प्रत्यक्ष प्रतिबन्ध नलगाए पनि ट्रम्पले युरोपेली मुलुकहरूलाई चीनमाथि दबाब दिन आह्वान गरे । 'यदि चीनमाथि यस्तो दबाब परेको अवस्थामा युक्रेन युद्ध अन्त्य हुनसक्छ,' उनले फक्स न्युजसँग भने । *रासस/एएफपी*

# गाजा युद्धविराम प्रस्तावमा अमेरिकाको भिटो




**न्युयोर्क–** इजरायलले गाजा सहरमा आफ्नो सैन्य आक्रमण बढाइरहेको बेला संयुक्त राज्य अमेरिकाले बिहीबार गाजामा तत्काल र स्थायी युद्धविरामको आह्वान गर्ने संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावलाई भिटो गरेको छ ।

परिषद्का १० निर्वाचित सदस्यहरूले पेस गरेको मस्यौदामा १५ मध्ये १४ सदस्यले समर्थन जनाए । प्रस्तावमा 'गाजामा सबै पक्षले सम्मान गर्ने तत्काल, विनासर्त र स्थायी युद्धविराम,' हमास र अन्य समूहहरूद्वारा राखिएका सबै बन्धकहरूको रिहाइ र मानवीय सहायतामा लगाइएका प्रतिबन्ध हटाउन आह्वान गरिएको थियो ।

अमेरिकी भिटोको बचाऊ गर्दै मध्यपूर्वका लागि उपविशेष दूत मोर्गन ओर्टागसले भने, 'यस प्रस्तावको अमेरिकी विरोध कुनै आश्चर्य होइन । यसले हमासको निन्दा गर्दैन, न इजरायलको आत्मरक्षाको अधिकारलाई मान्यता दिन्छ । बरु यसले हमासलाई फाइदा पुग्ने झूटा कथालाई वैधानिकता दिन्छ ।'


अमेरिकी कदमको प्यालेस्टिनी र अरब प्रतिनिधिहरूले तीव्र आलोचना गरे । प्यालेस्टिनी दूत रियाद मन्सुरले भने, 'परिषद्को मौनता यसको विश्वसनीयता र अधिकारका लागि ठूलो मूल्यमा आउँछ । अत्याचार अपराधहरू भइरहेका बेला भिटो शक्तिको प्रयोग हुनु हुँदैन ।'

अल्जेरियाका राष्ट्रसंघीय राजदूत अमर बेन्दजामाले भने, 'प्यालेस्टिनी दाजुभाइ दिदीबहिनीहरू, हामीलाई क्षमा गर्नुहोस् । संसारले अधिकारको कुरा गर्छ तर तपाईंहरूलाई अस्वीकार गर्दछ । हाम्रो निष्कपट प्रयास पनि अस्वीकारको पर्खालसँग ठोक्कियो ।'

इजरायली राजदूत ड्यानी डेननले 'गाजामा हाम्रो युद्धलाई कुनै औचित्य आवश्यक छैन' भन्दै अमेरिकाले दिएको भिटो समर्थनप्रति आभार व्यक्त गरे ।

यो मतदान संयुक्त राष्ट्रसंघको स्थापनाको ८०औं वार्षिकोत्सवकै दिन भयो । अलजजिराका कूटनीतिक सम्पादक जेम्स बेजले यसलाई 'उदास' क्षणका रूपमा वर्णन गर्दै भने, 'अमेरिकाको दृष्टिकोणले 'अमेरिका-पहिलो' सोचलाई प्रतिविम्बित गर्छ, जबकि धेरै देशहरूले बहुपक्षीय कूटनीतिको समर्थन गरिरहेका छन् ।' *रासस/एएनआई*

# अमेरिकी प्रतिबन्ध छल्दै रुस–भियतनामबीच गोप्य सम्झौता



**बैंकक–** रुस र भियतनामले अमेरिकी तथा पश्चिमी प्रतिबन्धबाट जोगिन हतियार सम्झौताको भुक्तानी ऊर्जा नाफामार्फत लुकाउने संयन्त्र विकास गरेका छन् । एसोसिएटेड प्रेसले प्राप्त गरेको आन्तरिक भियतनामी कागजातअनुसार संयुक्त तेल-ग्यास उद्यमको नाफा प्रयोग गरेर ऋण तिर्ने र हतियार खरिद गर्ने व्यवस्था बनेको छ, जसले विश्वव्यापी बैंकिङ प्रणालीलाई बाइपास गर्छ ।

यस योजनाअन्तर्गत भियतनामले मस्कोबाट लडाकू विमान, ट्यांक र जहाज ऋणमा लिएको छ र साइबेरियास्थित संयुक्त तेल कम्पनीको नाफाबाट किस्ता बुझाएको छ । लेनदेन नगदविना तर गोप्य ढंगले प्रवाह हुनेगरी डिजाइन गरिएको हो । अमेरिकाले दक्षिणपूर्व एसियामा भियतनामसँग सम्बन्ध बलियो बनाउन खोजिरहेको तर ट्रम्प प्रशासनले रुसमाथि कडा प्रतिबन्धको धम्की दिइरहेको बेला यो खुलासा भएको हो । ह्वाइट हाउसले हनोईसँग व्यापारमा २० प्रतिशत भन्सार शुल्क लगाएर वार्ता जारी राखेको छ ।

सन् २०२४ मा तयार गरिएको मेमोअनुसार भियतनामको नाफा रूस पठाइन्छ । त्यसपछि रूसी राज्य स्वामित्वको कम्पनी जारुबेझनेफ्टमार्फत फेरि भियतनामको पेट्रोभियतनाममा फिर्ता हुन्छ । यसरी रकम रूस र भियतनामभित्र मात्रै सर्छ र स्विफ्ट प्रणालीबाट जोगिन्छ ।

## रणनीतिक सन्देश


विश्लेषकहरूले यसलाई सामान्य व्यापारिक 'अफसेट' भन्दा निकै माथिको व्यवस्था भनेका छन् । भियतनामले चीनसँगको दक्षिण चीन सागर विवादलाई ध्यानमा राख्दै आफ्नो सेनालाई बलियो बनाउन रुसी हतियारमा निर्भर रहेको देखिन्छ । अमेरिकाले भने यसलाई चीनविरुद्ध साझेदारको रूपमा हेर्छ ।

## राजनीतिक संवेदनशीलता

आन्तरिक कागजात चुहाउने भियतनामी अधिकारीले वासिङ्टनसँगको सम्बन्ध जोखिममा पार्ने डर औंल्याएका छन् । अमेरिकाले प्रत्यक्ष प्रतिक्रिया नदिए पनि 'प्रतिबन्ध यथावत् रहने' चेतावनी दिएको छ ।

यसबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको हनोई भ्रमण (सन् २०२४) मा नयाँ ऊर्जा सम्झौताहरू भएको थियो भने सन् २०२६-२०३० को रक्षा-रणनीतिक साझेदारीमा पनि हस्ताक्षर भएको छ । विशेषज्ञहरूका अनुसार युरोप र अमेरिकाबाट दबाब बढेसँगै भियतनामको यो दोहोरो खेल कूटनीतिक चुनौती बन्न सक्छ । *रासस/एपी*

# युक्रेनलाई रूसी आक्रमणविरुद्ध सक्षम बनाउन पश्चिमी लगानी



**किएभ–** नाटो सदस्यताको सम्भावना सीमित भएपछि युक्रेनका पश्चिमी सहयोगीहरूले वैकल्पिक रणनीतिमा ध्यान केन्द्रित गरेका छन्- युक्रेनको रक्षा उद्योगमा अर्बौं डलरको लगानी ।

उद्देश्य स्पष्ट छः युक्रेनलाई आफ्नै हतियार उत्पादन गर्न सक्षम बनाउने, रूसी आक्रमणविरुद्ध टिक्न मद्दत गर्ने र भविष्यमा स्वतन्त्ररूपमा रक्षा गर्न सक्ने बनाउन । यस रणनीति सफल भएमा युक्रेनको हतियार उद्योगले युद्धको बीचमै ड्रोन र अन्य आधुनिक प्रविधि विकास गर्दै अमेरिकी तथा युरोपेली सेनालाई समेत सुसज्जित गर्न सक्छ ।

हालै युक्रेनले विकास गरेको क्वाडकप्टर ड्रोनले रूसी जामिङ उपकरणलाई छल्न सक्छ, २० किलोमिटरभन्दा बढी उड्न सक्छ र छ किलोग्रामसम्मका निर्देशित विस्फोटक बोक्न सक्छ । 'ड्रोन प्रविधिमा युक्रेन विश्वकै अग्रपंक्तिमा छ,' युक्रेनका लागि ट्रम्प प्रशासनका विशेष दूत किथ केलोगले गत हप्ताको किएभ सम्मेलनमा भने । विशेषगरी बेलारुसबाट प्रक्षेपण भएका रूसी ड्रोन पोल्याण्डमा खसेपछि युरोपमा पनि चिन्ता बढेको छ ।

युक्रेनले अहिले आफ्नै हतियार उत्पादनलाई तीन गुणा गर्दै सेनाका लागि ६० प्रतिशत आवश्यकताहरू पूरा गरिरहेको छ । यो जुन युद्ध सुरु हुनुअघि १० प्रतिशतमात्र थियो । तर यसको ६४ अर्ब डलरको वार्षिक रक्षा बजेट अझै पनि रूसको आधाभन्दा कम छ । यसैले देशले पश्चिमी लगानी र संयुक्त उद्यमलाई प्राथमिकता दिइरहेको छ । लण्डनस्थित इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिजका फेबियन हिन्जका अनुसार युक्रेनसँग युद्ध-परीक्षण भएका प्रणाली, कम उत्पादन लागत र तीव्र उत्पादन क्षमताको फाइदा छ ।

## युद्धले तिखार्दै नवप्रवर्तन

युद्धका कारण नवप्रवर्तनको चक्र छिटो भएको छ । एफआरडिएम कम्पनीको आर-३४ क्वाडकप्टर ड्रोन निरन्तर सैनिकहरूको प्रतिक्रियामा परिमार्जन हुन्छ । संस्थापक भादिम युनिक भन्छन्, 'रोबोटहरूले अगाडिको रेखामा मर्नुपर्छ, मानिसहरूले होइन ।'

मानव शक्ति अभावले पनि युक्रेनी कम्पनीहरूलाई आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र रोबोटिक्समा लगानी गर्न प्रेरित गरेको छ । यसका कारण सेनाले अब ड्रोन र स्वायत्त सवारी प्रयोग गरी टाढाबाट निशाना साध्न, आपूर्ति पुऱ्याउन र घाइते निकाल्न सक्ने क्षमता पाएको छ । युक्रेनका अनुसार फ्रन्ट लाइनमा प्रयोग हुने एफपिभी (पहिलो-व्यक्ति दृश्य) ड्रोनहरूले मात्र रूसी जनशक्ति र हतियारमा ७० प्रतिशत क्षति पुऱ्याएका छन् । अर्कोतर्फ, लामो दूरीका स्ट्राइक ड्रोनहरूले एक हजार किलोमिटरसम्म पुगेर रूसी भित्री भागमा प्रहार गर्न सक्छन् ।

## परम्परागत हतियारमा सुधार

ड्रोनसँगै युक्रेनी कम्पनीहरूले बख्तरबन्द सवारी साधनहरूमा पनि प्रगति गरेका छन् । युक्रे आर्मोटेकको गुर्जा-१ पैदल सैनिकलाई सुरक्षित राख्न डिजाइन गरिएको छ भने गुर्जा-२ चाँडै उत्पादनमा जाने तयारीमा छ । कम्पनीले गत वर्ष ५०० सवारी उत्पादन गरेको थियो र क्षमता तीन गुणा बढाउने योजना बनाएको छ । विज्ञ पाब्लो भर्खनियात्स्की भन्छन्, 'हामीलाई थाहा छ रूसले कुन-कुन हतियार प्रयोग गर्छ, त्यसअनुसार कवच विकास गर्छौं ।'

## युरोपेली लगानीमा भर

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले युक्रेनलाई 'अभेद्य' बनाउन ठूलो लगानी गर्ने घोषणा गरेकी छन् । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले वार्षिक ३० अर्ब डलरको हतियार उत्पादन सम्भव हुने दाबी गरेका छन् ।

युक्रेनले केवल पैसामात्र नभई पश्चिमी कम्पनीहरूसँग प्रविधि र निर्माण साझेदारी पनि खोजिरहेको छ । खरिद एजेन्सीका प्रमुख आर्सेन झुमादिलोभ भन्छन्, 'आधुनिक युद्धका लागि चाँडो अनुकूलन गर्ने क्षमता नै निर्णायक हुन्छ ।' डेनमार्क हतियार दानभन्दा प्रत्यक्ष लगानी सुरु गर्ने पहिलो देश बनेको छ । डेनमार्क र बेलायतले आफ्ना कारखानामा युक्रेनी मिसाइल र ड्रोनका कम्पोनेन्ट उत्पादन गर्ने योजना अघि बढाइरहेका छन् ।

युक्रेनले डेनमार्क, स्विडेन, क्यानाडा, नर्वे र आइसल्याण्डबाट एक अर्ब ३० करोड युरो (एक अर्ब ५० करोड डलर) प्राप्त गर्ने तयारी गरेको छ । जर्मनीले पनि यस्तै सम्झौता गरेको छ । झुमादिलोभ भन्छन्, 'जब विदेशी कम्पनीहरूले लगानी गर्छन्, उनीहरूको सरकारले उत्पादन खरिदमा सहयोग गर्छ । यो सबैभन्दा राम्रो मोडेल हो ।' *रासस/एपी*

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०६।०४**

यस भूटनदेवी सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार ढलापाडा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल गोलिया थान ५५ को ४६४.४४ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औं दिन दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री भुटनदेवी सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ६ मकवानपुर**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१६००० | प्रति तोला – ० | प्रति तोला – २५८० |



**दसैं बजार |** काठमाडौंको इन्द्रचोकमा शुक्रबार बजारमा किनमेल गर्न आएका सर्वसाधारणको चहलपहल । दसैं नजिकिँदै बजारमा किनमेल गर्नेको घुइँचो लागेको हो । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# 'जीर्ण आयोजनाका ठेक्का तोडिने'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयअन्तर्गतका लामो समयदेखि काम नभई अलपत्र पारिएका जीर्ण विकास आयोजनाका ठेक्का तोडिने भएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले तीनवटै मन्त्रालयका सचिव तथा विभागीय प्रमुखलाई जीर्ण आयोजनाको सूची तत्काल तयार गरी पेस गर्न निर्देशन दिएका छन् । तीनवटै मन्त्रालयको कामकारबाहीको जानकारी लिँदै मन्त्री घिसिङले काम नगर्ने निर्माण व्यवसायीको अनुहार हेरेर आयोजनालाई अलपत्र अवस्थामा राख्न नदिने बताए ।

'चालू रहेका ठूला पूर्वाधारका आयोजना तोकिएको समय र गुणस्तरमा निर्माण सम्पन्न हुन नसक्दा एकातर्फ मुलुकले ठूलो आर्थिक क्षति बेहोरिरहेको छ भने अर्कोतर्फ त्यस्ता



आयोजनाबाट प्राप्त हुने लाभबाट नागरिक वञ्चित भइरहेको विडम्बनापूर्ण अवस्था छ', मन्त्री घिसिङले भने, ' अब कसैको अनुहार हेरेर हुँदैन, त्यस्ता आयोजनाको पहिचान र मूल्याङ्कन गरी तत्काल सूची पेस गर्नुहोस् ।'

सिँचाइअन्तर्गत राष्ट्रिय गौरवको सुनकोसी मरिण बहुउद्देश्यीय, भौतिक पूर्वाधारअन्तर्गत तीन समयभन्दा बढी सडक र एक सयभन्दा पुल निर्माण आयोजना अलपत्र छन् । 'निर्णय नगरी काम हुँदैन, त्यसैले निर्णय गरी काम गर्छौं, जीर्ण बनेका आयोजनाको ठेक्का तोडी नयाँ ठेक्का प्रक्रियामा जानुपर्छ, आयोजनालाई अलपत्र पारेर राख्न पाइँदैन', मन्त्री घिसिङले भने ।

# सुदूरपश्चिमका २८ स्थानमा सुपथ मूल्य पसल

■ प्रभाव संवाददाता

**दोधारा चाँदनी–** सुदूरपश्चिमका २८ स्थानमा चाडपर्वलक्षित सुपथ मूल्यका पसल सञ्चालन भएका छन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले सुदूरपश्चिमका विभिन्न जिल्लामा चाडपर्वलक्षित सुपथ मूल्यका पसल सञ्चालनमा ल्याएका हुन् ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दसैं, तिहार र छठपर्वलाई लक्षित गर्दै सुदूरपश्चिमका २० स्थानमा सुपथ मूल्यका पसल सञ्चालन गर्नेछ भने साल्ट ट्रेडिङले आठ स्थानमा पसल सञ्चालन गरेको जनाइएको छ । खाद्य व्यवस्था लिमिटेडको प्रदेश कार्यालयका प्रादेशिक प्रमुख दीपक थापाले भने, 'हामीले सुपथ मूल्यका पसलबाट दुई प्रकारका चामल र चिनी प्रतिकिलो रु पाँच छुटमा उपलब्ध गराउनेछौं । गत भदौ ३० गतेदेखि सुपथ मूल्यका पसल सञ्चालनमा आएका हुन् ।'

उनका अनुसार कैलालीको धनगढी, डडेलधुराको खलंगा बजार, कञ्चनपुरको शाखा कार्यालय महेन्द्रनगर, डोटीको खलंगा बजार र मौवानगर खरिद बिक्री केन्द्रमार्फत सुपथ मूल्यका पसल सञ्चालन गरिएको हो ।

बाजुराको शाखा कार्यालय मार्तडी, डिपो कार्यालय कोल्टी, धुलाचौर बिक्री केन्द्र, बिच्छाया बिक्री केन्द्र र पाण्डुसैन बिक्री केन्द्र, बैतडीको गोठालापानी र परचौडीहाट बिक्री केन्द्र, रोलेश्वर, आम्चौरा र दोगडाकेदार खरिद बिक्री केन्द्रमा सुपथ मूल्यका पसल सञ्चालनमा छन् । दार्चुलाको शाखा कार्यालय, सुनकेसरा बिक्री केन्द्र, हिकिला र खण्डेश्वरी खरिद बिक्री केन्द्र र अछामको शाखा कार्यालय मङ्गलसेन, सैनाबजार, साफेबगर, कमल बजार खरिद बिक्री केन्द्रबाट सेवा सुरु भएको प्रमुख थापाले जानकारी दिए ।

साल्ट ट्रेडिङ कर्पोरेसनका प्रदेश कार्यालय प्रमुख तेजबहादुर कुवँरले सुदूरपश्चिमका आठ स्थानबाट सुपथ मूल्य पसल सञ्चालन गर्ने जानकारी दिए । उनले साल्ट ट्रेडिङबाट सञ्चालन हुने सुपथ मूल्यका पसलमा नुनमा प्रतिकिलो रु दुई, चिनीमा प्रतिकिलो रु पाँच, तेल चिउरा, पिठो मैदा र दालमा प्रतिकिलो रु सात छुट दिने बताए । डडेल्धुरा, कैलालीको धनगढी, टीकापुर र अत्तरिया, कञ्चनपुरको बेलौरी र महेन्द्रनगर, डोटीको दिपायल, बैतडीको पाटनबाट सुपथ मूल्यका पसल सञ्चालन गरिएको साल्ट ट्रेडिङले जनाएको छ ।

# छुट मुआब्जा तथा क्षतिपूर्ति माग गर्दै ज्ञापनपत्र

■ प्रभाव संवाददाता

**किमाथांका–** अरुण तेस्रो जलविद्युत् परियोजनाअन्तर्गत छ्याङकुटी-दिदिङ प्रवेश मार्गको जिरो प्वाइन्टदेखि २ ९ किलोमिटर सडकखण्डको छुट मुआब्जा तथा क्षतिपूर्ति माग गर्दै अरुण तेस्रो प्रवेशमार्ग मुआब्जा पीडित संघर्ष समितिले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ ।

संघर्ष समितिले प्रजिअ सृजना थपलियालाई विभिन्न नौ बुँदे



मागसहित ज्ञापनपत्र बुझाएका हुन् । प्राविधिक रूपमा लगतकट्टा गर्न छुट भएका जग्गाधनीको लगतकट्टा गरी तत्काल मुआब्जा वितरण गर्नुपर्ने, छुट मुआब्जासम्बन्धी पहिलो सूचनामा नाम प्रकाशित भइसकेको तर सम्बन्धित कार्यालयको प्राविधिक त्रुटिका कारण गोरखापत्रमा नाम छुटेका जग्गाधनीलाई तत्काल मुआब्जा वितरण गर्नुपर्ने माग ज्ञापनपत्रमा उल्लेख गरिएको समितिका अध्यक्ष सांघे शेर्पाले बताए ।

माग पूरा नभएमा आन्दोलित हुने संघर्ष समितिका उपाध्यक्ष कुमार गुरुङले चेतावनी दिए । विसं २०८० वैशाख २६ गते छयाङकुटी-दिदिङ सडकखण्डको छुट मुआब्जा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी संयोजक भएको मुआब्जा निर्धारण समितिले प्रतिरोपनी रु ११ लाख ७५ हजार दिने निर्णय गरेको थियो ।

# दसैंका लागि बजार झरे लेकाली भेडाच्यांग्रा

**म्याग्दी–** दसैं नजिकिँदै गर्दा हिमाली क्षेत्रमा पालिएका भेडाच्यांग्रा बजार झर्न थालेका छन् । किसान तथा व्यापारीहरू भेडाच्यांग्राको बथान लिएर देशका विभिन्न बजारमा आइपुगेका हुन् । हिमाली भेडाच्यांग्रा बजार झरेपछि दसैं पर्व आगमनको झल्को दिन्छ ।

मुस्ताङबाट बेनी-जोमसोम सडक भएर म्याग्दीको रघुगंगा गाउँपालिकाको बैसरीमा ल्याइएका भेडाच्यांग्रा ट्रक र कन्टेनरमा राखेर पोखरा, काठमाडौंलगायत ठूला सहरमा ढुवानी गर्न थालिएको छ । नेपाल चौपाया खरिद बिक्री संघका संस्थापक अध्यक्ष ज्ञानकुमार श्रेष्ठले बिहीबारसम्म एक हजार ३०० भेडाच्यांग्रा काठमाडौं पठाइएको र थप एक हजार ७०० पठाउने क्रममा रहेको जानकारी दिए ।

'दसैंका लागि काठमाडौं, पोखरा, चितवन र बुटवलका बजारमा आउने भेडाच्यांग्राको मुख्य स्रोत मुस्ताङ, जुम्ला र डोल्पा हो', बीस वर्षदेखि भेडाच्यांग्राको व्यापार गर्दै आएका श्रेष्ठले भने, 'तातोपानी र रसुवानाका बन्द भएकाले ठूला सहरमा यसपालि मुस्ताङी भेडाच्यांग्रामात्र झरेका छन् ।'

मुस्ताङको लोमान्थाङ गाउँपालिका-३ नामग्यालबाट चार सय ६५ वटा भेडाच्यांग्रा पैदल हिँडाएर ल्याएको श्रेष्ठको टोली बिहीबार म्याग्दीको बैसरी आइपुगेका छ । डोल्पाको



काइके गाउँपालिका-२ सहरताराका सञ्जय बुढाले २५ दिनको पैदलयात्रा गरेर एक सय ६० वटा च्यांग्रा बेच्न पोखरा हिँडेको बताए ।

'समुद्री सतहदेखि चार हजार मिटरभन्दा माथि उचाइमा किसानले पालेका च्यांग्रा ल्याएर बेच्न आएको हो', उनले भने, 'भिर, खोल्सा, साँघुरो बाटोमा च्यांग्रालाई हिँडाएर बजार पुर्‍याएर बिक्री गर्नु हाम्रो परम्परादेखिकै पेसा हो ।'

डोल्पा, जुम्ला र उपल्लो मुस्ताङबाट भेडाच्यांग्रा बेच्न र देशका विभिन्न सहरबाट आएका व्यापारीको जोमसोममा चहलपहल छ । मुस्ताङमा आकारअनुसार प्रतिगोटा रु ३२ देखि ३७ हजारमा च्यांग्रा बिक्री भइरहेको छ । काठमाडौं पुग्दा गत वर्षको दरमा जिउँदो च्यांग्रा प्रतिकिलो रु एक हजार ३०० का दरले बिक्री गरिने व्यवसायी श्रेष्ठले बताए ।

मुस्ताङस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले यस वर्ष दसैंमा डोल्पा र जुम्लाका तीन हजार तथा मुस्ताङका किसानले पालेका १२ हजार भेडाच्यांग्रा बिक्री हुने अनुमान गरेको छ । जोमसोममा भेडाच्यांग्राको स्वास्थ्य परीक्षण गरेर बजार पठाउने व्यवस्था मिलाएको केन्द्रका प्रमुख पशु चिकित्सक लालमणि अर्यालले बताए ।

चाडपर्वका अवसरमा जडीबुटीयुक्त बुकीमा चरेका हिमाली च्यांग्राको मासु उपभोग गर्ने चलन छ । पाँच वर्ष उमेर पुगेका च्यांग्रा मासुका लागि उपभोगी मानिन्छ । मुस्ताङको नामग्यालका किसान तेन्जिङ गुरुङले च्यांग्रापालनबाट जीविकोपार्जन गरेको बताए । उनले यसपालि ५० वटा च्यांग्रा बिक्री गरेको बताए । मुस्ताङी भेडाच्यांग्राको ठूलो बजार पोखरा हो । म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ, लमजुङका बजारमा पनि भेडाच्यांग्राको खपत बढी हुने गरेको छ ।

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ५० हजार च्यांग्रा पालिएका छन् । उपल्लो मुस्ताङका किसानको मुख्य आयस्रोत च्यांग्रापालन हो । च्यांग्राको शरीरबाट निस्कने भुवा पश्मिनाको कच्चा पदार्थका रूपमा प्रयोग हुन्छ । हिउँचितुवा र ब्वाँसोको आक्रमणबाट बचाउनु च्यांग्रापालक किसानको प्रमुख चुनौती हो । त्यसैगरी पर्याप्त हिउँ नपर्दा लेकाली क्षेत्रमा घाँस कम उम्रिएकाले भेडाच्यांग्राको लागि आहराको अभाव हुन थालेको छ । हिउँदमा आवश्यकताभन्दा बढी हिउँ पर्दा भेडाबाखा आहराको अभावमा मर्ने समस्या पनि छ । *रासस*

# अलैंचीको मूल्य घट्यो

■ प्रभाव संवाददाता



**झापा–** नगदे बाली अलैंचीको बजार भाउमा गिरावट आएको छ । नेपाल अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष दीपक नेपालले प्रमुख व्यापारिक केन्द्र बिर्तामोडमा अलैंची प्रतिमन (४० किलो) विभिन्न ग्रेडअनुसार रु ८१ हजारदेखि रु ९२ हजारसम्ममा बिक्री भइरहेको बताए । सबैभन्दा राम्रो गुणस्तरको अलैंचीलाई 'बोल्ड' भनिन्छ । उनका अनुसार 'बोल्ड' अलैंचीको अहिलेको बजार भाउ प्रतिमन रु ९२ हजार रहेको छ । सामान्य गुणस्तरको अलैंची 'चालु' भनेर चिनिन्छ । जसको भाउ प्रतिमन रु ८१ हजार रहेको छ ।

मध्यम गुणस्तर अर्थात् 'जेजे' भनेर चिनिने अलैंचीको भाउ प्रतिमन रु ८४ हजार रहेको अध्यक्ष नेपालले जानकारी दिए । भदौ पहिलो साता अलैंचीको बजार मूल्य अकाशिएको थियो । उसबेला प्रतिमन रु ९४ हजारसम्ममा अलैंची खरिद-बिक्री भएको थियो ।

दसैंको संघारमा किसानले घरायसी गर्जो टार्नका लागि सानो मात्रामा अलैंची बजारमा बिक्री गर्न थालेको र अहिले लेकाली अलैंची धमाधम सुकाउने कार्य भइरहेको हुँदा बजारमा अझै धेरै अलैंची आउन बाँकी नै रहेको अध्यक्ष नेपालले बताए ।

नेपालको ४२ जिल्लामा अलैंचीखेती हुने गरेको छ । कोशी प्रदेशका इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, खोटाङ, भोजपुर र तेह्रथुम जिल्लामा अलैंची अत्यधिक खेती हुँदै आएको छ । अलैंची व्यवसायी महासंघका अनुसार कोशी प्रदेशको सात हजार ५०० हेक्टर र मुलुकभर १७ हजार हेक्टर क्षेत्रफलमा अलैंचीखेती हुन्छ । नेपालमा यसको कुल उत्पादन आठ हजार मेट्रिक टनसम्म छ । उत्पादनको पाँच प्रतिशत मात्र घरेलु खपत भएकाले ९५ प्रतिशत उत्पादन विदेश निकासी हुँदै आएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा पूर्वीनाका काँकडभिट्टा भएर रु सात अर्ब ६७ करोडको नेपाली अलैंची भारत निर्यात भएको मेची भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ